# चिनिमाया माझी

प्रश्नः दिदीलाई कार्यक्रममा स्वागत छ ।

उत्तरः एकदम हजुर धन्यबाद ।

प्रश्नः म अब हाम्रो कार्यक्रम चाहिँ कसरी जान्छ भनेर अलिकति बताउछु है त दिदीलाई ।

उत्तरः हजुर ।

प्रश्नः अब यो हाम्रो कार्यक्रम चाहिँ तपाईंकै कथामै आधारित तपाईंको कथा सुन्न भनेर आएका हौ हामी, त्यसैले हामी सँग चाहिँ खुलेर नै कुरा गर्नु । अब हजुरको संघर्षहरुलाई खुलेर नै बताउनुस किनभने हामी त्यही नै डकुमेन्ट गर्ने भनेर अगाडि बढेका छौं । त्यसैले हामीसँग चाहिँ निस्फिक्री कुरा गर्दा हुन्छ दिदीले अनि हजुरसगं गरिएको कुराकानी चाहिँ रेकर्ड पनि भइरहेको छ । अनि यो हाम्रो वेबसाइटमा जान्छ र एउटा रेडियो ब्रोडकास्ट बन्छ अनि साथसाथै किताब, किताबमा चाहिँ अब आरटिकलहरु यस्तोहरु पनि छापिन्छ ।

उत्तरः हजुर ।

प्रश्नः अनि अब अगाडि बढ्दा खेरी चाहिँ हजुरको बारे अब जान्ने इच्छुक भएरै हामी आएका छौं त्यसैले चाहिँ हजुरको परिचय, बाल्यकाल अनी हजुरको संघर्षबाटै सुरु गरौ है त दिदी ।

उत्तरः हजुर हुन्छ दिदी हुन्छ । सर्वप्रथम त सबै युवा बहिनीहरु भेट्दा एकदमै खुसी लाग्यो । मलाई यस कार्यक्रममा बोलाएर मेरो आफ्नो अनुभव सेर गर्ने मौका दिनु भाकोमा सर्वप्रथम त म एकदम धेरै धेरै धन्यवाद दिन चाहन्छु । विशेष लुम संस्था टिमलाई । म चाहिँ अब खासगरी मेरो  परिचयबाटै सुरु गर्न भन्नुभाछ, परिचयबाटै सुरु गर्छु र बीचमा अलिकति अर्न्तक्रिया भयो भने बढी कुराहरु राख्न सजिलो हुन्छ होला, एकोहोरो बोली राख्नुभन्दा पनि ।

प्रश्नः हुन्छ त्यसै गरौं ।

उत्तरः छुटेको कुराहरु बढी आउन सक्छ । मचाहिँ मेरो नाम सर्वप्रथम त म मेरो नाम चिनिमाया माझी । मेरो जन्मस्थान चितवन । मेरो विवाह चाहिँ सिन्धुपाल्चोकमा भाको हो । मेरो बुवाहरु चाहिँ काभ्रेबाट जानु भाको चितवनमा तर कहिले जानु भो भनेर चाहिँ मलाई अहिले केहि याद भएन किनभने अहिले याद हुन्छ मलाई त्यस्तो सोध्ने कुनै त्यो अवसर भन्नाले त्यस्तो सोच आएन कहिले बुवाहरु चितवन झर्नु भो भन्ने कुरा, त्यस्तो सोच्ने मलाई कुनै कुरै आएन । म चाहिँ जन्मेको चाँही चितवन । मेरो बाँकी चारजना, तीनजना दिदि म समेत चारजना । हामी चार दिदि बहिनी दुई दाजुभाइ ६ जना हाम्रो परिवार । हाम्रो बुवाको अनि सबैजना काभ्रेमै जन्मिनु भाको, म मात्रै चितवनमा जन्मिएको । मेरो जन्म चाँही २०२७ साल भदौमा भाको हो । त्यस पछाडि अब बुवाहरु कहिले चितवन जाने भो भन्ने कुरा मलाई थाहा भएन, अहिले जस्तो भए सोधीखोजी गर्थे होला । त्यै भएर अहिले बुबा ममीनै मेरो हुनुहुन्न । अनि मेरो परिवारमा अहिले खास भन्ने हो भने मेरो एउटा दिदि एउटा दाइ र म छु, बाँकी बितिसक्नु भयो । दुखको कुरा पनि मलाई यहाँ राख्न मन लाग्यो, भर्खरै यो जेठमा मात्रै मेरो जेठी दिदी पनि बित्नुभयो जो

उहाँ अविवाहीत हुनुहुन्थ्यो, अलिकति वौधिक अपांगता हुनुहुन्थ्यो । बिरामी भएर उहाँ ६ वर्षको उमेरमा कान नसुन्ने हुनुभाको । उहाँको चाँही काल गतिले भन्दापनि दुखद एउटा घटनाले उहाँको मृत्यु भाको छ । अब बाँकी चाँही के भन्दाखेरी म जब सानो थिएँ मैले अलि ढिलैमा मेरो शिक्षा सुरु भयो । जन्म मेरो बारेमा त मैले भनिहालेँ । मेरो शैक्षिक क्षेत्रमा कस्तो अनुभव छ भन्ने कुरा मेरो दुइटा दाजुहरु स्कुल जानुहुन्थ्यो बाँकी ३ वटा दिदीहरुले चै स्कुल टेक्नु भएको छैन । अनि म चाँही सानोमा बाखा गोठालो जान्थे, मलाई याद आउछ अनि त्यतिबेला चै मेरो साथीहरु सबैजना कथा पढ्ने अनी त्यस्तो उपन्यासहरु पढ्ने गर्नुहुन्थ्यो, बाखा गोठाला साथीहरु । भन्नाले अलि ठूलो दिदीहरु अलि ठूलो दाईहरु चाँही त्यसरी पढ्नुहुन्थ्यो अनि मलाई पनि एकदमै पढ्ने इच्छा लाग्थ्यो अनि तर मलाई चाहिँ स्कुलमा भर्ना गर्दिनु भा थिएन मेरो बुवाले । मेरो दुइटा दाइहरु मात्रै स्कूल जानुहुन्थ्यो । मलाई भर्ना गर्नु भा थिएन स्कुलमा अनि अरुले पढेको देखेर मलाई चाँही पढ्न मन लाग्थ्यो । अनि साथीहरुले, दिदीहरुले चाहिँ कति तिमी पढ्नलाई इच्छुक गर्छौ, तिमी पनि स्कूल जाने गर न बुवालाई भन स्कुल जानलाई भन्नुहुन्थ्यो । अनि त्यो भनेपछि चाहिँ बेलुका आए पछी चाँही मैले झगडा गर्न थाले घरमा म स्कुल जाने भए म बाखा हेर्छु भनेर । मेरो घरमा एकदमै धेरै बाखा थिए, २५-३० वटा बाखा हुन्थ्यो । अनि गाईस्तुहरु पनि हुन्थ्यो । गाईबस्तुहरु चाँही म अलि हेर्न सक्दिन थिए सानै थिए, बाखा चाँहि म मज्जाले हेर्थे । म स्कुल जान दिने भए म बाखा हेर्छु, नभए हेर्दिन भनेर रुन थालेपछि अनि बुवाले भर्ना गरिदीनु भाको स्कुलमा । अनि गएपछि त्यसरी म पढ्न थालें, पढ्न थालेपछि मैले अब प्राइमरी स्कुलसम्म सधै फस्ट फस्टनै हुन्थे अनि त्यस पछाडि पढेपछि ३ क्लाससम्म मेरो घर नजिकै थियो स्कूल । त्यहाँ पढिसकेपछि अनि सरहरुले चाँही तिमी राम्रो पढ्छौ, तिमी चाँही फेरी अब ४ मा पढ्नलाई तिमी जसरी भएपनि पढ भनेर मलाई सरहरुले प्रोत्साहन गर्नु हुन्थ्यो । मैले त्यो ३ क्लाससम्म पढ्दा खेरी पनि जिल्ला स्तरको पुरस्कार पनि पाउँथे । अनि झन हौसला मिल्थ्यो पढ्नलाई । अनि फस्ट भैरखेपछि चाहिँ त्यो पुरस्कारहरु पाउदामा झनझन मलाई हौसला मिल्थ्यो अनि सरहरुले पनि राम्रो पढ्ने भनेर चाहिँ माया गर्नुहुन्थ्यो । फेरि कस्तो भन्दाखेरी चितवन जिल्लामा माझी भनेको चाँही थिएन, म माझी कम्युनिटीको भए होइन अति सिमान्तकृत समुदायको । अनि माझी भन्ने नै चितवनमा थिएन, २-३ घरमात्रै हुनुहुन्थ्यो त्योपनि बुवाहरुको सँगसँगै चितवन जानु भाको उहाँहरु हुनुहुन्थ्यो । अनि स्कुल पढ्ने भनेको चितवनमा माझी म मात्रै थिएँ त्यतिबेला, कोही थिएन । अनि त्यसरी पढ्ने भएपछि मैले त्यहाँबाट हाईस्कूलमा भर्ना भए, हाईस्कूलमा भर्ना भएपछी अनि त्यहाँ ४ क्लासमा जोइन भइसकेपछि म सधैं फस्ट नै भइरहन्थे पढ्दाखेरि । अनि पढ्दा फस्ट त भइरहन्थे तर मसँग पढ्ने पैसा चाँही हुन्थेन । त्यतिबेला त फि तिर्न पर्थ्यो होइन अनि पढ्ने पैसा हुन्थेन । मलाई कपि किन्न नि एकदमै समस्या हुन्थ्यो । अनि त्यहाँबाट किताब किन्न नि समस्या हुन्थ्यो । अनि किताब हामीले अब त्यतिबेला चाहिँ पुरानो किताब पढेर पुरानो किताब किनेर पढ्थ्यौं । हाफ मूल्यमा किताब किन्न पाइन्थ्यो पुरानो अब भनम न चारमा पास भएर जानेहरूको चाँही त्यो पुरानो किताब हामीले त्यसरी बुवाले किनिदिनु हुन्थ्यो हाफ मूल्यमा त्यो पढ्थ्यौं, त्यसरी पढ्थ्यौ । त्यसरी पढिसकेपछि चाँही ४ क्लासमा मलाई एकदिन सरले बोलाउनुभयो, अफिसमा हेडसरले बोलाउनुभयो अनि तिम्रो को-को हुनुहुन्छ परिवारमा भनेर सोध्नुभयो अनि सोध्दाखेरी बुवा, दाईदिदीहरु सबै हुनुहुन्छ भनेर भने मैले । अनि बुवालाई बोलाउ भन्नु भयो । अनि बुवालाई घरमा गएर बुवा स्कुलमा चाहिँ सरले बोलाउनु भाको छ भनेर भने अनि बुवाले फेरी त्यो दिन जानु भएन । किन हो अब बढेको छोरी किन हो कसो हो मलाई त फुर्सत छैन भनेर बुवा चाँही जानु भएन । नगएपछि हेडसरले भोलिपल्ट फेरि बोलाउनुभयो, खै त तिमीले बुवालाई

बोलाको भन्नुभयो अनि फेरि आउनुभएन । अनि फेरी अर्को दिन ल जानुपर्यो बुवाले जसरी भएपनि भने अनि बुवालाई फकाइ फकाइ स्कूल गएँ । अनि स्कुलमा गएपछि तपाईंको छोरीले चाँही राम्रो पढ्ने रहेछ अब स्कलरसिपको लागि हामी व्यवस्था गर्दिन्छौ । तपाइको के कस्तो छ । आर्थिक स्थिती के कस्तो छ भनेर सोध्नलाई बोलाको भनेर भन्नुभएछ बुवासँग । मलाई त अब त्यहाँ थाहा भएन घरमा गएर बुवाले बेलुका भन्नुभयो तिमीलाई पढाउने रे सरले स्कुलमा चाहि अब छात्रवृत्ति दिएर पढाउने रे त्यस्तै कुराहरु भन्नुभयो । अनि भनेपछि म पनि खुसी भए । पछि मलाई चाँही ४ क्लास देखि भनम न आइकम सम्म युकेको एडि स्मीथ भन्ने होइन, अहिलेजस्तो यो इन्टरनेटको सुविधाहरू थिएन फोनको सुविधाहरू पनि थिएन अब सम्पर्क त्यस्तो हुँदैनथ्यो । युकेका एडि स्मीथ भन्ने एउटा धनी व्यक्ति हो रे अब मसँग त त्यस्तो डाइरेक्ट कुनै पनि त्यो उ हुन सकेन । अनि सरहरुले नै त्यो उहाँहरुसँग लिकं सरहरुले नै गर्नुहुन्थ्यो । अनि उहाँले चाहिँ मलाई पढुन्जेल सम्म पढाउने भन्ने शर्त रहेछ स्कुलमा अनि मैले पढे । पढ्दाखेरि चाहिँ कति १० सम्म ४४ मा मैले एस.एल.सी गर्या हो। त्यतिबेला चाहिँ मैले राम्रैसँग, पछि हामी दुई-तीन जना साथीहरुमा कम्पिटिसन हुन्थ्यो पढ्नलाई फस्ट सेकेन्ड थर्ड फस्ट सेकेन्ड थर्ड हामी तीन जना साथीहरु थिएम । हामी तीन जनामा जहिलेपनि कम्पिटिसन हुन्थ्यो धेरै साथीहरु मध्येमा । त्यसरी अब फस्ट भएनभने सेकेन्ड नभए थर्ड नभए फस्ट त्यसरी मैले पढ्थे । अनि एस.एल.सी सम्म एकपटक नि फेल नभईकन पास गरे । ४४ मा मैले एस.एल.सी गरेको हो अनि त्यसपछाडि फेरि ४४ मा एस.एल.सी दिएपछि अनि म चाहिँ त्यतिबेला फेरि मेरो जेठो दाजु दार्जिलिङमा हुनुहुन्थ्यो । एस.एल.सी दिनेबित्तिकै म ६ महिना, त्यतिबेला त हाम्रो माघमा एस.एल.सी हुन्थ्यो अनि असारमा रिजल्ट हुन्थ्यो त्यतिबेला चाहिँ । अनि त्यो ३-४ महिनाबीच चाहिँ म दार्जिलिङ तिर घुम्न गए दाजुहरु सँग अनि फर्केर त्यहाँबाट एस.एल.सी पास भयो भनेपछि मलाई त्यो एस.एल.सी पास भाको त्यतिबेला त चिठी लेख्ने चलन थियो नि त । तिमी चाई एस.एल.सी पास भयो भनेर चिठी लेखेर पठाउनु भो । अनि त्यो चिठी पाएपछि म फेरी तुरुन्तै आए, नेपाल फर्केर आए अनि आएपछि कलेज जोइन भए । कलेजमा फेरि कस्तो थियो भने अहिले त जताततै घरघरै जस्तो कलेज छ, त्यति बेलाचाहिँ हाम्रो चितवनमा अब मेरो नजिक भनम न २ वटा कलेज थियो, एउटा भरतपुरमा एउटा चाहिँ टाँडीमा । टाँडीमा चाहिँ प्राइमरी कलेज हो त्यो, त्यहाँ चाहिँ कमर्स मात्रै पढाउँथ्यो जुन मलाई चाहिँ इच्क्षा नै थिएन त्यो कमर्स पढ्नलाई । अनि इच्छा नै थिएन, अनि भरतपुरसम्म जानलाई चाहिँ मेरो घरबाट ४ रुपैयाँ भाडा लाग्ने, जान २ रुपिया आउन २ रुपिया अनि त्यहाँ टाँडी मा चाहिँ एक रुपिया जान एक मोहर आउदा एक मोहर गाडीभाडा, हामीलाई कनसेन्सश हुन्थ्यो स्टुडेन्टलाई । अनि गाडी भाडा को कारणले गर्दा मैले कमर्स जोइन भए होइन । अनि त्यो दुई वर्षको आइकम त्यतिबेला फस्ट यर, सेकेन्ड यर हाम्रो त्योबेलाको । त्यसरी मैले पढे । अनि पढेपछि ४६ सालमा पढिसकेपछि अनि त्यहाँबाट यता फेरि सिन्धुपाल्चोकबाट चाहि अब विवाहको प्रस्ताव एकजना दाइले लगेर जानुभयो । अनि त्यस पछाडि, त्यही प्रस्तावअनुसार मेरो ४७ सालमा विवाह भयो । २०४७ सालमा विवाह भएर म सिन्धुपाल्चोक आइसकेपछि, सिन्धुपाल्चोक आए आएपछि मैले आउनेबित्तिकै मेरो चाहिँ अब पढ्ने घरमा पनि अलिकति वातावरण थिएन । नभएपछि, मैले त्यो पढाईलाई निरन्तरता दिन सकिन । अनि नसकेपछि, ४७ सालमा नसकेपछि अनि त्यसपछाडि मैले यो क्षेत्रमा एउटा यो सामाजिक क्षेत्रमा प्रवेश गर्ने मलाई एउटा अवसर मिल्यो भन्दापनि त्यतिबेला अब यो आदिवासी जनजातिहरूको संस्थाहरु चाहिँ एकदमै अहिले आन्दोलन गर्ने बेला रहेछ, पछी थाहा पाएँ । अनि त्यतिबेला चाहिँ मेरो सिन्धुपाल्चोककै एकजना भान्जा, त्यसपछाडि सिन्धुपाल्चोक बिहे भएपछि मेरो श्रीमान काठमाडौंमा

बस्नुभयो । अनि म नि काठमाडौंमै बसे अनि काठमाडौंमा बसिसकेपछि नेपाल माझी उत्थान संघ रहेछ । यो नेपाल आदिवासी जनजाति महासंघमा आवद्ध भाको नेपाल माझी उत्थान संघ हो । अहिले ५९ वटा आदिवासीहरुलाई चाहिँ आदिवासीको सूचीमा राखेको छ नेपाल सरकारले, त्योमध्ये माझी पनि एक हो । अनि माझी उत्थान संघमा चाहिँ ट्रेनिङ रहेछ , पाचँ दिनको तालिम रहेछ यो गौशालामा माझी उत्थान सङ्घको । अनि त्यहाँ मेरो सिन्धुपाल्चोकको भान्जा पनि एकजना तालिममा आउनु भाको रहेछ । त्यो दिनभरी त्यो तालिममा बस्नुहुन्थ्यो अनि बेलुका चाहिँ उहाँ मेरो रुममा आउनुहुन्थ्यो । अनि आउनु भएपछि मेरो श्रीमान भान्जा कता हो के हो भनेर सोध्दा खेरी यसो यसो तालिम भैराको छ अनि म त्यसमै आको भनेर उहाँले भन्नु भएपछि मेरो हसबेन्ड पनि त्यो तालिम भैराको ठाउँमा गौशालामा जानुभो । अनि त्यहाँ जाँदाखेरी चाहिँ एकदमै धेरै माझीहरु चाहिँ भेला भाको देख्नु भएछ त्यो तालिममा । अनि त्यहाँ देखेपछि चाहिँ मलाई बेलुका आएर मलाई उहाँले भन्नुभो यस्तो यस्तो माझी संघको त्यहाँ तालिम रहेछ, यतिधेरै माझीहरू रहेछन् , यस्तो रहेछ तिमी पनि अब यस्तो सामाजिक क्षेत्रमा तिमी पनि लाग् न त भनेर त्यस्तै कुरा भयो हामी दुई जनाको बिचमा । अनि उहाँले बोलाउनुभयो, माझी उत्थान सङ्घको अध्यक्ष, कोसाध्यक्ष अनि उपाध्यक्ष ३ जानालाई मेरो भान्जाले मेरो श्रीमानसँग, म सँग भेट गर्नलाई मेरो रूममा बोलाउनुभयो । त्यतिबेला हुनुहुन्थ्यो अध्यक्ष सूर्यबहादुर माझी अनि धन बहादुर माझी उपाध्यक्ष हुनुहुन्थ्यो अनि महासचिव गोविन्द लाल माझी हुनुहुन्थ्यो । अनि उहाँहरुसँग चाहिँ पहिला सुरु चाहिँ उपाध्यक्ष धनबहादुर माझी र कोषाध्यक्ष सूर्यलाल माझी मात्रै आउनुभयो म को मा भेट्नलाई । आएपछि हामी रातैभरी नै माझीको विषयमा छलफल गर्यौं । अब माझी भनेको त एकदमै पछाडि परेको जात, अब शिक्षाबाट पनि पछाडि, राजनीतिक क्षेत्रबाट पनि आर्थिक बाट झनै एकदमै गरिबीको रेखामुनि रहेको समुदाय हो यो समुदाय भनेको । अनि त्यसपछि हामी धेरै बेर लगभग राति एक बजेसम्म छलफल गरेछम । अनि त्यो भएपछि, माझी उत्थान संघलाई मेरो हसबेन्डले ल म तपाईहरुलाई अफिसको भाडा तिरी दिन्छु, तपाईंहरु आफ्नो अफिस चलाउनुस् , मैले सकेको सहयोग गर्छु भनेर उहाँले भन्नु भएपछि अनि उसमा का भने कोटेश्वर भन्दा उता, सल्लाघारी त्यहाँ निर चाहिँ एउटा अफिस लिइयो । अफिस लिएपछि मेरो हसबेन्डले चाहिँ घर भाडा तिरी दिनुहुन्थ्यो । त्यतिखेर महिनाको हजार रुपया तिरी दिनुहुन्थ्या े। महिनाको हजार रुपियाँ तिरेपछि पनि प्रायः जस्तो त्यहि त हो नि सामाजिक क्षेत्रमा लाग्न त गाह्रै हुन्छ तर त्यहाँ मान्छेहरु कहिले पनि भेला हुन सकेन के त्यसरी मिटिङ बस्न सकेन । अब सुरु सुरुको अवस्था रहेछ त्यतिखेर, यतिधेरै संगठित भइनसकेको अवस्था थियो रहेछ । अनि त्यतिबेला लगतै अब माझी महिला संघ पनि गठन गर्न पर्यो भनेर भन्नुभयो माझी उत्थान संघको अध्यक्ष ज्युहरु भएर अनि ल चिनिमाया बहिनी तपाई अलिअलि पढेलेखेको पनि हुनुहुन्छ, अब माझी महिला संघ गठन गर्नुपर्यो भन्नु भयो । हामीले चाहिँ यो ५६ मै त्यतिबेला चाहिँ ५७ साल पुगिसकेको थियो जून बेलाचाहिँ म दुई महिनाको सुत्केरी थिए । दुई महिना नि पुरा भाको थिएन । त्यतिखेर सुत्केरी थिएँ, सुत्केरी अवस्थामै उहाँहरु त्यसरी भेटेर कुरा गर्नुभाको । अनि माझी महिला संघको गठन गर्न ५६ सालमै गठन गरेको रहेछ, त्यहाँ चाहिँ ७ जाना महिला हुनुपर्ने अनि एकजना महिला नपुगेर त्यो चाहिँ स्थगित भएको रहेछ । अनि त्यही कुरालाई चाहिँ निरन्तरता दिएर ५७ सालमा बैशाख तीर हामीले त्यो गठन गर्यौं । अनि गरिसकेपछि त्यतिबेला चाहिँ महासचिव मलाई राख्नुभयो र अध्यक्ष हाम्रो गंगा माझी हुनुहुन्छ, उहाँलाई अध्यक्ष बनाएर हामीले नौजनाको समिति बनाएर माझी महिला संघ दर्ता गर्यौं । माझी महिला संघ दर्ता गरिसकेपछि फेरि राष्ट्रिय जनजाति महिला महासंघमा यो संस्था दर्ता गर्यौं । दर्ता गरेपछि आठौंमा हाम्रो

दर्ता भएको रहेछ हाम्रो संस्था । अनि त्यतिबेला देखि नै मैले निरन्तरता गए । सुत्केरी अवस्था भएपनि मैले यो कार्यलाई चाहिँ यो सामाजिक क्षेत्रमा चाहिँ म निरन्तरता अहिलेसम्म अगाडी बढिराखेको छु । त्यतिबेला मलाई केहि पनि थाहा थिएन, सुरुमा चाहिँ अब हामी आदिवासीहरूको हकअधिकारको लागि चाहिँ हामीले कुरा गर्ने हो ,आदिवासीको अधिकारको लागि हामीले आवाज उठाउने यस्तै यस्तै भनेर मलाई सम्झाउनु हुन्थ्यो माझी उत्थान सङ्घको अध्यक्ष ज्यूहरु भएर । मैले चाहिँ के भन्थे भने मैले सामाजिक शिक्षामा पढेको भनेको आदिवासी भनेको कन्दमुल खाने ,रुखको बोक्रा लगाउने, घुमन्ते फिरन्ते जीवन बिताउने यो लाई आदिवासी भन्छ । हामी त अलि त्यो अवस्थामा छैनम् त्यसकारण अहिलेको यो २१ औ युगमा पनि हामी किन यस्तो आदिवासी, हामी त अलिकति पढेलेखेका छौं , अलिअलि सामाजिक एस्तो उमा छौं, हामी रूखको बोक्रा लगाउने होइन, घुमन्ते फिरन्ते जीवन बिताउने होइन भनेर भन्दा खेरी मैले त्यो कुरामा एकदम डिबेट गरे । गरेपछि मलाई उहाँहरुले एकदम धेरै जे होस् २-४ दिन चाहिँ मलाई उहाँहरुले सम्झाउनुभयो आदिवासी भनेको के हो भन्ने कुरा । बुझाउनु भएपछि चाहिँ मलाई बल्ल त्यो कुरा बुझ्दै बुझ्दै गए । बुझ्दै बुझ्दै गएपछि म अब यसमा निरन्तरता लागे । अनि त्यस पछाडि यो महिला महासंघमा यो संस्था माझी महिला संघ दर्ता गरेपछि त्यहाँको परिचालक सदस्य भएर म आफै जान्थे मिटिङमा । अनि त्यसको पछाडि फेरि जनजाति महासंघमा पनि नेपालमा माझी उत्थान संघ आवद्ध त्यहाँ पनि परिषदको सदस्य ६-६ महिनामा मिटिङ हुन्थ्यो । त्यो मिटिङमा मलाई नै पठाउनु हुनुहुन्थ्यो उहाँहरुले । त्यसकारणले म दुईतिर जाने अवसर मिलेपछि मैले अलि धेरै कुराहरु यो आदिवासी भनेको के हो भन्ने कुराहरु अलि धेरै बुझ्ने मौका पनि मलाई मिल्यो । अनि त्यसका पछाडि भएपछि पनि फेरि के कुरा भयो भने अब महिलाको अधिकारको कुराहरु त्यहाँ उठ्न थाल्यो । अनि होइन महिला सबै उही त हो नि कहाँ यो आदिवासी महिला, कहाँ माझी महिला भन्ने मलाई पनि अब त्यो सोच आयो त्यतिखेर । त्या पनि मलाई फेरी धेरै बुझाउन थाल्नु भो अनि बुझाउन थालेपछि मैले बिस्तारै त्यो कुराहरु बुझ्दै गए र माझी महिला सङ्घको पहिलो हाम्रो संगठन दर्ता भएर आइसकेपछि चाहिँ त्यही हाम्रै माझी संघले लिएको अफिसमा, अहिले जुन भने त्यो अफिसमा सपथ ग्रहण कार्यक्रम राख्यौ । राख्दाखेरी, बमकुमारी बुढामगर वहाँ आउनु भा थियो । त्यतिबेला उहाँ राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घको माहासचिव हुनुहुन्थ्यो । अनि उहाँले हामीलाई शपथ खुवाउनु हुँदाखेरि , त्यो उहाँले अनि एकदम आदिवासी महिलाको कुराहरु एकदम धेरै त्यहाँ भन्नुभयो, हामी हलभरि भेला भाको थिएम । अनि भएपछि म त कता कता त्यो भावुक भएर रोएछ है, त्यो महिलाको एस्तो पिडा हुन्छ , आदिवासी महिलाहरु यस्तो हुन्छ, यस्तो पछाडि परेको हुन्छ , यस्तो पढाइ अब एक किसिमको पढाइको क्षेत्रबाट मैले पनि दुःख पाएरै पढेको हो । त्यो मलाई त्यहाँ निर छोयो के । मैले कुन स्थितिमा कसरी पढेर आएको रहेछु भन्ने कुरा त्यहाँ आएपछि मलाई अझै बढी त्यो मनमा छोयो । अनि त्यो भएपछि साँच्चै अब चाहिँ यो माझी महिलाहरुलाई पनि शिक्षामा चाहिँ अगाडी बढाउनु पर्ने रहेछ भनेर मलाई त्यहाँ एकदम भावुक भयो । अनि म त बाहिर आएर रोएछ के । अनि रोएछ, अनि त्यहाँबाट दिदीहरुले चाहिँ तिमी एकदम धेरै कुराहरु बुझ्छौ, तिम्लाई हामी राम्रोसँग अगाडि बढाउँछौ, राम्रोसँग अगाडि बढ भनेर उहाँहरुले सम्झाउनु भयो । भने त्यसपछि त्यो सुत्केरी अवस्थामा, वास्तवमा भन्ने हो भने मेरो अप्रेशन गरेको थियो म तलमाथि पनि हिँड्न सक्दिन थिए, त्यस्तो अवस्थामा पनि म हिंड्थे । भर्याङ चढ्न परे भने मलाई उहाँहरुले कुनै हलमा जानुपर्यो, भरेङ चढ्न पर्यो भने उहाँहरुले हातमा समातेर विस्तारै विस्तारै उचाल्नु हुन्थ्यो । त्यस्तो गरेर पनि म हिंड्थे वास्तवमा भन्ने हो भने ३ टाइम तेल लगाएर ४ टाइम खाएर बस्नुपर्ने अवस्थामा, म

बिहान हिंडेको मान्छे बेल्का तिर मात्र आउँथे । मेरो बच्चा मेरो सासु ममीले राम्रोसँग स्याहारनु हुन्थ्यो । त्यो अब आफू त्यसरी हिडेपछि ल्याक्टोजिनको भर मै लगभग छोरी हुर्काउनुभयो । त्यसरी हिडियो, त्यसरी हिँडिरहँदा खेरी अनि पछाडि हिँड्दै गरियो अब धेरै अब अलिकति जेहोस् ट्रेनिङहरु हुन थाल्यो । त्यसका पछाडि आदिवासी महिला के कुरामा भिन्नता छ भन्ने कुरा थाहा भयो । अब सबै महिलाको समग्र महिलाको हामी सबै महिलाको साझा मुद्दामा हामी सबैको सहकारी हुनुपर्छ हामी सबैको सहमति हुनुपर्छ तर फरक के हो भन्दाखेरी आदिवासी महिला अलिक भिन्न छ, यिनको चाहिँ भाषा धर्म संस्कार संस्कृति भिन्न छ । यो आदिवासी महिलाहरु चाहिँ अब हरेक क्षेत्रबाट आर्थिक स्थितिबाट, राजनीति देखि लिएर अब एउटा शैक्षिक स्थिती सबै कुराबाट चाहिँ पछाडि परेको हुनाले यो आदिवासी महिला संगठन हुनुपरेको हो र यसको लागि चाहिँ हामीले सचेतना कार्यक्रमहरु गर्दै आदिवासी महिलाहरुलाई अगाडि ल्याउनुपर्छ भन्ने नै यो आदिवासी महिला महासङ्घको स्थापनाको उद्देश्य थियो । त्यसै अनुसारको हामी काम गर्दै पनि आयौ । अनि यसबीचमा चाहिँ जब यो अलिकति अब आन्दोलनको क्रममा पनि मैले यहाँ जोड्न चाहन्छु, जुनबेला म दार्जिलिङमा गए एस.एल.सी दिएर अलिकति मैले यो आन्दोलनको क्षेत्रलाई जोड्न खोजेको, त्यतिबेला चुनाव रहेछ । दार्जिलिङमा, इन्डियामा चुनाव हुन लागेको को रहेछ । यो दार्जीलिङमा चाहिँ पश्चिम बंगालमा चाहिँ जोति बासु र सुबास घिसिङको चाहिँ उमेदवारी रहेछ, दुईजनाको उमेदवारी रहेछ । त्यो बेलामा चाहिँ दार्जीलिङको, दार्जिलिङमा त सबै नेपाली होइन, धेरै नेपाली जसले गर्दा सुबास घिसिङलाई रहेछ । अनि त्यसो गर्दा खेरी त्यहाँ म गाकै भोलिपल्ट दार्जिलिङमा ४० दिन बन्द भयो । गाको एक हप्ता पछाडि चाहिँ, त्यहाँबाट अब प्रत्येक घरबाट एकजना महिला अनिवार्य उपस्थित हुनुपर्ने आन्दोलनमा त्यस्तो खालको त्यहाँ उर्दी भयो । अनि भएपछि म त भर्खर गाको, मलाई पनि हौसला चल्यो । ल नेपालबाट बहिनी आको, नेपालको बहिनीलाई चै झण्डा बोकाउनु पर्छ है भनेर ठुलो झन्डा बोकाएर मलाई अगाडि अगाडि लगाए । लगाएपछि दायाँबायाँ सबै, मपनि भाउजुसँग गाको अलि बुद्धि पनि बच्चै थियो । आन्दोलनमा गाको, त्यहाँ त त्यो सि.आर.पि.एफ भन्ने चाहिँ पुलिस त्यहाँको । उनीहरुले चाहिँ टाढै बाट त्यो क्यामराले हेर्ने रहेछ अनि हामीलाई त त्यो चौरास्तामा निस्किने बित्तिकै चारैतिरबाट घेरा हालेर लगी हाल्यो । लगी हालेपछि त्यहाँ त्यहाँ ठूलो भानु भवन भन्छ भानुभक्तको भवन छ दार्जिलिङमा, त्यो चोकैमा अनि त्यहाँ लगेर राख्यो । राख्दाखेरी हामीलाई चाहिँ मानवअधिकारवादीहरु आएर छुटाए बेलुकातिर अनि बाँकी पुरुषहरुलाई त कति हात भाचे कति खुट्टा भाँचे त्यहाँ कुटेर है, त्यस्तो त्यो दृश्यहरु पनि देखियो त्यस्तो त्यस्तो घटनाहरु त्यहाँ भयो, त्यतिबेलाको कुरा हो । त्यसपछि त्यहाँको बसाइ पछि जब म काठमाडौ आएर जोइन भएपछि छयालीस सालको आन्दोलन जुन थियो, छयालीस सालको आन्दोलनमा पनि अब हामीचाहिँ कलेजबाट ग्रुप भएर, मेरो टाँडिको कलेजबाट भरतपुरमा भेला हुने नारायणगढमा चाहिँ भेला हुने भनेर जुन बसमा चढ्या मात्रै थिएम । त्यहाँबाट बसमा चाहिँ डिएसपी चढेर सिधै उहाँको डिएसपी कार्यालयमा लगेर दिनभरि राख्यो। दिनभरि राखेपछी बेलुका त त्यहाँ छोड्ने भन्ने कुरा थियो , त्यहाँ पनि छोडेन । नछोडेपछि पुरुषलाई एउटा रुममा, हामी २३ जना थियौं छात्राहरु हामीलाई एउटा रुपमा राखेपछि हामीलाई त त्यस्तो कुटपिट त गरेन । नगरेपछि, जुन त्यो विद्यार्थी युवाहरुलाई चाहिँ छात्रहरुलाई चाहिँ उहाँहरुलाई बेस्सरी कुट्ने , त्यहाँ पनि कतिको हात भाँच्ने कतिको खुट्टा भाँच्ने त्यस्तो भएछ । पछि निस्केर आएपछि थाहा भयो त्यो कुराहरु पनि । हामीलाई अलग-अलग नै छोड्यो । त्यतिखेर त कति २ दिनसम्म भोकै बसियो । मसँग जम्मा दश रुपियाँ पैसा थियो । अनि त्यही दश रुपियाँ  पैसाको पनि बेलुका प्रहरीलाई पैसा उठाएर देको अनि १-१ पोका नगअियकभ बिस्कुट

र पानी खादा पैसा पनि सिद्धि हाल्यो घर आउने भाँडा पनि नभाको । अनि फेरि साथी साथी मिलेर त्यसरी तीन दिनको दिनमा घर छोडेर आइयो त्यहाँ पनि त्यस्तो भयो । अनि त्यसपछाडि जब यो आदिवासीको ( त्यो चाहिँ त्यतिबेलाको कुरा भयो) , जब यो महिला महासंघमा  म प्रतिनिधित्व भएर जान थाले त्यतिबेला यो महिला महासङ्घको चाहिँ यो आदिवासी महिला महासंघ हाम्रो जुन अहिले अफिस हो जुन अदक्ष म छु अहिले । त्यतिबेला  अफिस राख्ने पैसाहरु पनि थिएन अनि म भर्खर त्यहाँ जाँदाखेरि चाहिँ अफिस रहेछ एक ठाउँमा अनि भाडा तिर्ने पैसा नभएपछि चाहिँ अब अफिस सार्नु पर्यो अब कहाँ लाने ,के लाने सामानहरू छैन भनेर भइसकेपछि अनि मैले म भर्खरै एउटा सानो जस्ताको टहरो छ मेरो चप्पल कारखाना चोकमा अनि त्यहाँ मैले एक तल्ला माथि थपेको थिए । मेरो एक तल्ला माथि खाली छ भर्खरै थपेको नयाँ हो त्यही अफिस राखौं भने , हुन्छ भने अनि महिला महासंघको अफिस ल्याएर मैले मेरो घरमै राखे । गर्दाखेरि त्यतिबेला मेरो घरमा नेपाल माझी उत्थान सङ्घको बोर्ड त्यसपछि नेपाल माझी महिला सङ्घको बोर्ड त्यसपछि राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको बोर्ड भनी अर्को माझी विकास तथा अनुसन्धान परिषद् भन्ने छ यो एउटा त्यो सेन्टर पनि खोलेको हो त्यतिबेला, ४-५ वटा बोर्ड मेरो घरमा झुण्डिएको थियो । अनि अब लाग्यो १० वर्षे जनयुद्धको बेलामा हामी प्रवेश भयौ । त्यतिबेला त्यो दशवर्षे जनयुद्धको समय थियो, त्यतिबेला चाहिँ मेरो घरमा एकदमै धेरै मान्छे भेला हुन्थ्यो । यो सबै संगठनको ञभभतष्लन मेरो घरमा हुने भएपछि , अब यो माओवादी युद्धकालको समय भएपछि अनि मेरो घरमा एकदमै धेरै निगरानी भएको रहेछ । जुन बेलामा चाहिँ म महिला महासंघमा सचिव थिए । त्यतिबेला मलाई यो घरमा यसरी मान्छे भेला हुन्छ, यो को हो, कसो हो भनेर सिडियो कार्यालयमा मेरो रिपोर्टमा पुगेको रहेछ । यो चाहिँ माओवादी हो ,यसको घरमा धेरै मान्छे भेला हुन्छ, यसलाई समातेर पक्डेर छानबिन गर्नु भनेर गृह मन्त्रालयबाट सिडियो कार्यालयमा, सिडियो कार्यालयले भैरवनाथ गणमा चिठी लेखेको रहेछ । त्यो कुरा चाही पछि थाहा भयो । मलाई चाहि एक महिनाजति खोजी भएछ आर्मीले । एक महिनाजति गरेछन् खोजी गरेपछि पत्ता लगाएछन् । अनि पत्ता लगाएपछि घरमा म राति सुतिरहेको अवस्था थियो । ११:३० बजे थियो, यो २०६१ साल जेठ १८ गतेको कुरा हो । जेठ १८ गते फेरि के थियो भने जेठ १८ गते लाई यो कालो भाषाको कालो दिवस भनेर मनाउँछन् । यो चाहिँ आदिवासीहरुले आदिवासीको भाषा सरकारी कामकाजको भाषा हुनुपर्छ अनि सरकारी मान्यता हुनुपर्छ भनेर मुद्दा हालेको रहेछ । त्यो मुद्दा चाहिँ सरकारले जेठ १८ गते फैसला गरेको र त्यो मुद्दा हारेको रहेछ । अनि त्यो जेठ १८ गतेको दिनलाई चाहिँ यो आदिवासीहरुले कालो भाषाको दिवस भनेर मनाउँदो रहेछ, त्यो फैसला भएको दिन भनेर । त्यो दिन पनि ठूलो जुलुस भएको थियो बिहान दिनभरि ठूलो जुलुस भाको थियो अनि हामी फ्रन्टलाइनमै ब्यानर बोकेर अब दिनभरि न्युरोड देखि सबै घुमेको थियौ । अनि घुमेपछि ठ्याक्कै त्यही दिन बेलुका ११ बजे चाहिँ मेरो घरमा हामी सुतिसकेको थियौ अनि ढोका ढक ढक  गर्यो । ढोका ढक त गरिसकेपछि अब त्यतिबेला त एकदम डर थियो नि त । म ढोका खोल्न झ्यालबाट हेरे । झ्यालबाट हेर्दा तीन चार जना मान्छे देखे बाहिर । अनि कोहो केहो भनेको छिटो ढोका खोल भनेर मलाई थर्कायो । मलाइ त अब डाका जस्तो लाग्यो है । अब के छ र मेरो घरमा, के लान्छ र  खोलेपनि के नै छ र भनेर म तपाई भन्नुस् को हो भनेको, छिटो ढोका खोल भनेर भनेपछि मैले तल गएर ढोका खोले । ढोका खोलेपछि तिन चार जना भित्र पसे । भित्र पसेपछि मलाई नागरिकता माग्यो । मैले  नागरिकता दिए अनि उनीहरूको चिठीमा जुन मेरो नाम ठेगाना थियो त्यो ठ्याक्कै मिल्यो । अनि मलाई नागरिकता फिर्ता दियो । म म्याकसीमा सुतेको थिएँ अनि ल न्यानो लुगा लगाउनुस् भने । न्यानो लुगा लगाउनुस् भनेपछि मलाई

शंका भयो पक्कै पनि मलाई माओवादीले अपहरण गर्न आयो । माओवादी देखि म डराउँथे धेरै । मलाई संघसंस्था छोड भन्ने एमाओवादीबाट अलिकति त्यो खालको म्यासेजहरु आइराखेको थियो । कि संस्था छोडोस कि भने हामीसँग हिडोस् भन्ने खालको कुराहरु मलाई आइराखेको थियो । म फेरि राजनीतिबाट चाहिँ म अलिकति अलग बसेको मान्छे हो । मलाई राजनीतिमा मेरो अहिलेसम्म मलाई राजनीतिले त्यति छुँदैन, अहिलेसम्म छोएको छैन । अनि म माओवादी पनि होइन आर्मीमा भनुम भने , पक्कै पनि माओवादी नै हो भनेर सोचें अनि लुगा लगाए । लुगा लगाएपछि तल पुगेपछि तल्तिर लग्यो । अनि चक्रपथ चौकीमा तपाईंलाई सोधपुछ गर्नलाई लान लागेको हो भन्यो तर तल झरेपछि अब चौकी जानु पर्ने मलाई चाहिँ तलतिर लग्यो भनि मैले भने चक्रपथ जाने यतातिर हो मलाई किन तल लगेको । घरमा कति रिक्वेस्ट गर्नुभयो छोडीदिनुस यतिबेला महिलालाई का लाने एक्लै भनेर घरबाट रिक्वेस्ट गर्दा उनीहरुले छोडेनन् । नछोडेपछि तल लगेपछि उनीहरूको गाडी रहेछ । कुण्डलि क्लब भन्नेछ या तल त्यो कुण्डलि क्लबमा उनीहरूको गाडि राखेको रहेछ आर्मीको । भैरवनाथ गणबाट आको रहेछ उनीहरू । कति तरिकाले आको रहेछ भन्ने कुरा त म त माओवादीको प्रचण्डलाई पनि त्यति  समात्नलाई गार्हो थिएन होला, त्यो तरिकाले पो आको रहेछ । त्यहाँबाट गाडीमा चढायो, गाडीमा चढेपछि त अगाडि गाडीमा चढे ,३-४ वटा गाडी अगाडि पछाडि । अनि ३-४ वटा गाडी अघि छ पछाडि छ पुरै हतियारधारी उनीहरु एकदम रेडी पोजिशनमा । ला अब मलाई का लगेर हान्ने भो भन्ठाने अनि सिटमा चढे अनि मेरो कुर्ता सुरुवालको सलले मेरो आँखा बांध्यो उनीहरुले अनि दुइटा हात पनि बांध्यो त्यो सलले र अनि सिटमुनि घुसार्यो मलाई । म सिटमा बस्न पनि सिटमा नभइकन त्यो सिटमुनि खुट्टा टेक्ने ठाउँ हुन्छ नि यहाँ मुनि । यहाँ मुनि लगेपछि त्यो गाडी फर्काएर यो चोकसम्म ल्याएपछि मैले , मेरो चोकैमा छ घर चोकसम्म ल्याए पछी था पाएँ । त्यसपछि पूर्व पश्चिम का लग्यो मलाई थाहा भएन , अन्न धुन्न अत्तालियो नि त अन्न धुन्न भयो । अनि पछिल्लो बुझाइ अनुसार चाहिँ चक्रपथ चोकमा पुगेपछि रहेछ त्यहाँ निर बत्ती निभाउ भन्यो । गाडीको झ्यापझुप बत्ती निभाए पछि यहाँ चेकिङ भयो । चेकिङ भएपछि त्यहाँ बत्ती निभाउ भनेपछि पक्कै पनि मलाई यहाँ प्रहरी, पुलिस ,आर्मीहरु कोहि आए पनि मलाई छुटाउँछ होला, अब माओवादीले लग्यो भन्नेमा छुटाउँछ होला भन्ने भयो । गाडी बत्ती निभाए पछि उनीहरुले त त्यो सिग्नल बुझ्दो रहेछ अनि छोडिदियो । छोडी दिएपछि लग्यो, लगेपछि हातखुट्टा बाँधेर, आँखा बाधेर अनि लगेर राख्यो । राखिसकेपछि त्यहाँ कति राति बजिसकेको थियो, गुनगुन यताउति बोलेको सुनिन्छ मान्छेहरु भनेपछि त्यो भैरवनाथ गणमा लगेको रहेछ पछि थाहा भयो । अनि त्यहाँ लगेपछि त्यो पालमा , सबै पाल टाँगेर राखेको रहेछ अनि त्यो पालमा राख्यो । राखेपछि १ बजे चाहिँ अब मुख्य मान्छे होला त्यहाँको को हो थाहा भएन, आएर अनि मेरो आँखाको पट्टी पनि खोलिदियो । अनि खोलेपछि सबै सोध्यो मलाई माओवादी भनेर, तपाईं माओवादी रहेछ तपाईंको घरमा धेरै मान्छे आउने जाने अनि तपाईंको त पम्फा भुसाल सँग सम्पर्क रहेछ । पम्फा भुसाल चाहिँ त्यो क्रान्तिकारी महिला संघ भन्ने थियो त्यसको तपाईं सदस्य रहेछ भनेर भन्छ । मैले त ए बाबा म माओवादीसँग डराउने मान्छे, म माओवादी पनि होइन म त्यस्तो होइन । मलाई म माओवादी भाको कुनै प्रमाण भेट्नु भयो भने भेटेको ५ सेकेन्डमा तपाईहरुले मलाई जुनसुकै कारबाही पनि गर्न सक्नुहुन्छ तर म  त्यस्तो होइन भने । तर त्यस्तो रिक्वेस्ट गरेपनि त्यहाँ के छोड्ने थियो र राक्षसको हातमा परेपछि । अनि १ बजे त्यसरी सोध्दा, एकघण्टा सोधपुछ गरिसकेपछि ल तपाईलाई आज एक दिन चान्स हो, भोलि चाहीं तपाईंले सत्य सत्य कुरा बताउनुपर्छ आज एक दिन तपाई बस्नुस् भनेर भने । अनि त्यहाँबाट मलाई चिठी पनि देखाए, यति लामो चिठी देखायो तपाईलाई चाहिँ गृह मन्त्रालयबाट यस्तो चिठी आएको छ

भनेपछि यसो हेरें, त्यो चिट्ठी मैले त के पढ्ने र त्यो देखेको मात्रै रातो स्टयाम्प भाको त्यो देखेपछि यो सरकारी चिट्ठी हो भन्ने मलाई लाग्यो । अनि आज छोड्या पनि छैन भोलि पनि छैन, दिनदिनै आउने सोध्ने दिनदिनै आउने सोध्ने गर्यो । गरिसकेपछि, भोलिपल्टदेखि नै मेरो चाहि व्यापक खोजी भएछ अब यूएनमा समेत मेरो रिपोर्ट पुगेछ । त्यतिबेलासम्म म त्यो एकचोटि म बाहिर विदेश गएर आको थिए ठ्याक्कै त्यसको एक महिना अगाडि । अनि त्यो नेटवर्कमा चाही सरकुलेट भएछ चिनीमायालाई यसरी पक्रेर लग्यो राति, सुरक्षाकर्मीले लगेको भन्ने भयो भनेपछि अनि यो मानवअधिकार यो रेडक्रसहरु देखि लिएर अनि मानवअधिकारको हेडक्वाटर जेनेभा त्यहाँ सबै ठाउँबाट जेहोस् संसारभरीबाटै यूएनबाट संसारभरिबाटै त्यो खोजी हुन थालेछ। रेडियो, पत्रपत्रिका, टेलिभिजनमा अनि जतिखेर पनि अनि विदेशबाट एकदम चिठीहरु सरकुलेट व्यापक भएछ । गृह मन्त्रालयबाट डाइरेक्ट चिठी आएछ अनि त्यो भएपछि त्यहाँ भित्र मलाई धेरै नै अलिकति सुरक्षित राख्न थालें मेरो खोजी भएपछि नन्त्र मेरो चाहिँ के रहेछ भने उनीहरूको त्यतिबेला चाहिँ  धेरै मान्छे शिवपुरीमा लगेर सुट गरे भन्ने आयो नि पछि तपाईहरुलाई पनि याद छ कि छैन । शिवपुरीमा जलाको ठाउँहरू पनि थुप्रै देख्यो । त्यो लिस्टमा चाही मलाई पारेको रहेछ, त्यति खोजि नहुन्थ्यो भने मेरो जिन्दगीको एकदम बिर्सनै नसक्ने घटना भनेको त्यो पूर्ण जीवन थियो । जेहोस् संसारबाट सबै संस्थादेखि लिएर नेपालको संघसंस्था ब्यक्तित्व देखि लिएर सबै ठाउँबाट त्यसरी खोजि भएर मात्रै म बचेको। मलाई त्यो मार्ने लिष्टमा रहेछ अनि त्यसरी खोजी भएपछि मलाई एकहप्तामा घरमै आँखामा पट्टि लगाएको अवस्थामा उनीहरुले अलि तल गाडीमा ल्याएर घरसम्म उनीहरुले छोड्यो । छोड्दा खेरी पनि तपाईंलाई अहिले हामीले छोडेको हो, हाम्रो निजरमा तपाई हुनुहुन्छ भनेर उनीहरुले त्यो तरिकाले घरमा ल्याएर छोड्यो । त्यसमा छोटकरीमा भन्ने हो भने यसमा धेरै डरलागदो घटनाहरु पनि छ त्यहाँभित्र बसुन्जेलको स्थितीहरु ।

प्रश्नः भन्नु न दिदी त्योहरु पनि ,कसरी तपाइलाईं राखियो ?

उत्तरः त्यो चाहिँ कस्तो थियो भन्दाखेरी जेहोस् माओवादीका वरिष्ठ वरिष्ठ लिडरहरु पनि त्यहाँभित्र त्यति धेरै मान्छेहरु रहेछन माओवादीको त्यहाँ ।

प्रश्नः हजुर हजुर ।

उत्तरः भैरवनाथ गण त सबभन्दा उ ठाउँ हो नि त। सुन्नलाई छैन अब जुनसुकै ठाउँमा पनि माओवादीहरु लान्थ्यो, भैरवनाथ गण भनेको चाहिँ एकदम त्यस्तो मान्छेलाई मात्र लान्थ्यो जो एकदम राम्रोसँग निगरानीमा राख्नुपर्ने मान्छेहरु के, ठुलो ठुलो नेताहरु अनि त्यो टाइपको ।

प्रश्नः हजुर ।

उत्तरः माओवादीको पनि विशेष मान्छेहरु मात्रै त्याहा राख्थे के। अनि मलाई चाहिँ त्यसरी खोजि भएपछि ल यो उलाई लेडिज हो एक्लै छ उलाई एउटा पलङ ल्याइ दिनु भनेर मलाई चाहिँ एउटा पलङ ल्याइदियो । अनि त्यो पलङमा आफ्नै सल ओढ्ने ओछ्याउने गरेर सुतिन्थियो । अनि त्यहाँ भित्र कस्तो भन्दा खेरि अब त्यो ठ्याक्कै हामी चलपटाउने नसक्ने अवस्था अनि ढोकैमा त्यो गन लिएर बस्ने, १ सेकेन्ड पनि नछोड्ने , आँखा खोल्नै नदिने, दुइटा हात बाँधेकै हो, आँखामा पट्टी बाँधेकै हो । अनि म चै एकचोटी त्यही भित्रै सुसाइड गर्छु भनेर सल च्यात्ने कोसिस गरेको । त्यो चाहिँ भेलाको एकदम बाक्लो थियो के, जाडो महिनामा लगाउने बाक्लो सल । अनि सल यसरी ठाडो च्यात्छु भनेको । अब गेटैमा, मैले त आँखा बाँधेर

बसेको छु, अगाडि छ भनेर मलाई थाहा भएन । त्यो पालमा यस्तो पाल टाँगेर राखेको । सबैहरुलाई चाहिँ त्यस्तो चौर भरि त्यो पाल टांगेर राखेथ्यो तर बोलेको सुनिन्थ्यो हामिले एक अर्का कसैलाई देखिँदैनथ्यो । अनि त्यो वरिपरि पनि जम्ने करेन्ट लगाएर तार घिराएर राखेको हुन्थ्यो, छोयो कि करेन्ट पनि लाग्ने त्यस्तो थियो के मैले बुझ्दा खेरि । अनि त्यो सल च्यात्न सकेन मैले, नसकेपछि देखि पनि हालेछ । यो के गर्न लाग्या दिदि, के गर्न लाग्या भनेर भन्यो अनि केही पनि गर्या होइन भने अनि त्यहाँ अगाडी बस्ने रहेछ क्यारे त्यो पनि त्यत्तिकै भयो । त्यो भित्र म आफू फेरि मिन्स भाको ,मलाई कति गारो भयो है लुगाहरु पनि नभाको । अनि त्यो अवस्थामा त्यस्तो भयो अनि खाना खाने बेलामा चाहिँ कस्तो भने त्यहाँ ठूलो डेक्चीमस मैले चाहिँ दुइटा हात यसरी बाँधेको हुन्थ्यो अनि मैले आँखा बाधेको चाहिँ यस्तो गरेर अलिकति हेर्थे के, छड्के पाराले हेर्थे । ठुलो डेक्चीमा खानेकुराहरुले ल्याउने अनि वरिपरि अरु आएर खाने । अनि खाने बेलामा चाहिँ उनीहरूको आँखा खोलिदिने, खाएपछि फेरि पछाडि हातलाई बाँध्यो । यत्तिकै हो के लडिबडि बिचारा त्यसरी उनीहरुलाई खाना दिन्थ्यो । अनि मलाई चाहिँ भित्र ल्याई दिन्थ्यो । मेरो चाहिं अलिक इस्पेसल्ली बाहिरबाट धेरै खोजी भाको हुनाले जे होस् मलाई अब अर्कै तरिकाले हेर्यो होला । अलि राम्रो निगरानी गरेर मलाई चाहिँ हामीले हाकिमको खाना ल्याइदिएको छम भन्थे अनि दालभात, अचार तरकारी त्यस्तो ल्याइदिन्थ्यो । बिचारा अरुहरुलाई त कहाँ हुने र खाना खायो, अब दाल भन्यो दालको के देख्ने हो र पानीमात्रै देख्थ्यो, जगले उ गरेर खाने । अनि त्यसरी पनि बिचारा कति मान्छे गायब भयो त्यहाँ भित्रबाट ,कति दुख लाग्दो घटना है ।

प्रश्नः मेन्सुरेसन भाको बेलामा चाहिँ कसरी हजुरले त्यहाँ भित्र बस्नुभयो ?

उत्तरः अनि अब त्यही, कस्तो त्यो लुगाहरु पनि नभाको गारो भयो अनि त्यहाँ मैले मलाई यस्तो भयो भनेर भने अनि एकजनाले चाहिँ त्यहाँ अरुहरु महिलाहरु पनि थुप्रै हुनुन्थ्यो के, अरूसँग मागेर मलाई एउटा दुइटा प्याड ल्याइदिनुभयो । मैले त्यही एउटा दुइटा प्याडले नै एकहप्ता कसरी राखे होला । मैले फाल्न पनि सकिन त्यो । अनि यसमै कसरी म जे होस रोकथाम त हुन्छ भनेर बसे । अनि खानेकुराहरु, मलाई चाहिँ राम्रै खानेकुराहरु ल्याइदिन थाल्यो तर खान त के अब घरमा मलाई कसैको माया लागेन तेही सानो छोरी अब भर्खर अडाइ दुईवर्षको भाथ्यो, त्यो छोरीको मात्रै याद आउँथ्यो । मलाई मार्छ भन्ने छ, मार्छ भन्ने भएपछि अन्तिम चाहि कुनै एक जनाको माया हुँदो रहेछ । अरु सबै जस्ता तस्तै बलियो भैइहाले, यताउति भइहाले, गर्ने सबै भैइहाले । अब हस्बेन्ड भनेको पनि त्यस्तै हो, दुइटा छोरीहरु अलि ठूलो थियो । त्यो चाहिँ सानो छोरी हो, सानो छोरीको अलिक पिर लाग्थ्यो । अनि त्यो भयो, त्यस पछाडिको घरमा ल्याएर छोडेपछि पछि धेरै कुरा थाहा भयो । कहाँ लग्या भन्ने कुरा घरमा आएर थाहा भयो । कहाँ कहाँ बाट खोजी भाको भन्ने कुरा घरमा आएर थाहा भयो । धेरै कुराचाहिँ घरमा आएर अब सबैले यता उति, त्यहाँ भित्र बाट पनि अलिकति कुराहरू थाहा भयो । त्यहीभित्र मेरो एकजना हर्कबहादुर माझी भन्ने मैले जुन अघि उपादक्ष्य भने नि धनबहादुर माझी उहाँको छोरा त्यहाँ आर्मीमा हुनुहुन्थ्यो । अनि उहाँलाई पनि बुझ्न लगाउनु भएछ । यसो यसरी लगेको छ बाबु त्यहाँभित्र बुझ भनेर बुबाले भन्नु भएपछि अनि हर्कबहादुर माझी मेरो भाइ भनम, उहाँले त्यहाँ भित्र सबै बुझ्दा खेरि मलाई टोइलेट लगेको बेलामा मेरो लुगाले चिन्नु भएछ । अनि चिन्नु भएपछि उहाँले चाहिँ कर्नेल कि मेजर बाहिरबाट भित्र छिर्ने बेलामा गेटमै रोकेर, ल मेरो फुपुलाइ यहाँ ल्याको छ उहाँ चाहिँ माओवादी होइन, उहाँ त्यस्तो हो भने जुनसुकै सजाय म भोग्न तयार छु, उहाँलाई छोड्नु पर्यो भनेर उहाँले गाडिनै छेकेर भनेपछि ल ठिकै छ हामी

विचार गरौंला, तिमी हल्ला नगरी बस भनेर उहाँलाई भनेपछि अनि भाइले बिचारा मलाई कति भेट्न कोसिस गर्नु भएछ त्यहाँ । अहँ त्यहाँ भेट्ने चान्स नै छैन के, अब वरिपरि तार लगाको छ त्या माथि करेन्ट फिट गरेको छ, कोही आउने चान्स नै छैन । उनीहरूको त्यहाँ ड्युटीमा आउने बेलामा अब पालैपालो उनीहरूको ड्युटी कताबाट के गर्ने अनि त्यस्तो भयो । अनि जिन्दगी भरको मेरो ठूलो त्यो एउटा चाहिं जा पनि मैले भन्ने गर्छु । यो कुरा मैले चाहिँ पुर्नजन्म पाको हो, त्यहाँबाट । शायद मेरो कोही थिएन, मलाई चिनिमाया भनेर चिन्ने कोही थिएन भने त त्यहाँबाट म रिर्टन आउने कुनै चान्स पनि थिएन । त्यो घटना त्यसरी भयो अब त्यसको त्यो एउटा सानो केसी स्टडी जस्तो पनि छ म सँग । त्यो त्यसरी भयो अब अहिले निरन्तरता भनेको चाहिँ अब यो आदिवासी महिलाहरुको अधिकारको लागि नै विशेषगरी यसमा अनि समग्र सबै महिला होइन, सबै महिलाको अधिकारमा पनि हामी सबै महिला एक हुनुपर्छ भन्ने यो विषयमा नि मैले अहिले निरन्तरता दिईराछु । हजुर, अहिले सम्झना भाको यति छ ।

प्रश्नः हजुर ,मैले चाहिँ दिदीले अब धेरै नै आफ्नो अनुभवहरु सुनाउनु भयो होइन तर मैले चाहिँ दिदीलाई आफ्नो बाल्यकाल तिरै अलिकति सोच्न चाहिँ अलिकति सम्झना भएअनुसार त्योसँग मैले सोध्न खोजे होइन । दिदीले चाहिँ अब आफ्नो शिक्षाको बारेमा त भन्नुभयो तर दिदीको बुवा या आमा के गर्नुहुन्थ्यो त्यसमा अलिकति भन्दिनु अनि त्यसपछि तपाईंको एउटामात्र माझी हुनुहुन्थ्यो त्यहाँ नेरी अनि तपाईंको भाषाले या तपाइको हुन्छ नि चालचलन यस्तोहरुले चाही तपाईलाई त्यहाँ स्कुलमा केहि त्यस्तो भोग्नु भयो तपाईंले ? भेदभाव त्यस्तो केही तपाई जनजाति या यस्तोमा केही भोग्नुभयो, सानोको बाल्यकालको केही अवस्थाहरु याद छ ?

उत्तरः त्यस्तो चाहिँ के भयो भन्दाखेरी मैले माझी भन्ने जात नै थाहा पाउँदिन थिएँ के त्यतिबेला । किन हो हामीमात्रै माझी भाको होला भन्थे किन हो कस्तो फिटिक्कै चेतना थिएन मेरो । त्यहाँ अब सबै नेवार, क्षेत्री, बाहुनहरु को बस्ती हो म बसेको ठाउँमा । अनि मेरो बुवा काभ्रेबाट जानु भाको, मेरो बुवा चाहिँ त्यहाँ त अब सबै माझी भाषा, संस्कार सस्कृति माझीको छुट्टै छ ।

प्रश्नः हजुर ।

उत्तरः अब म त्यसको बारेमा अहिले धेरै बुझ्ने कोशिस गर्दैछु । अनि मेरो बुवाहरुले माझी भाषा बोलेको, आमाले मेरो ममीले माझी भाषा बोलेको मलाई थाहा छ तर पनि यो माझि भाषा हो भन्ने पनि मलाई ज्ञान नभाको । भनेपछि म कस्तो होला के । अनि चाडबाडमा आफ्नै किसिमको संस्कारहरुले मान्नुहुन्थ्यो के बुवाहरुले होइन कसरी भन्दाखेरी अब यो अष्टमीको दिनमा म त एकमुठी च्युरा पनि खाई नसक्ने मान्छेलाई एक माना चिउरा अनि ठूलो मान्छेलाई जस्तै सबैलाई बराबर भरेर दिने अनि बराबर दिने खाए पनि नखाए पनि त्यस्तो चलन के, सबैलाई बराबर दिने । मलाई किन यति धेरै चिउरा दिनु भाको होला, एक माना चिउरा कसैले खान्छ त ( हा हा हा) बच्चाको बेला । तर फेरी आफ्नो चलन रहेछ के त्यो ।

प्रश्नः हजुर ।

उत्तरः यो कुराले अहिले मलाई छोइरहेको छ के, मेरो ममी मेरो बुवा अहिले भईदिएको भए मैले धेरै रिसर्च गर्न सक्ने रहेछु ।

प्रश्नः हो हो ।

उत्तरः धेरै कुरा थाहा पाउने रहेछु अनि त्यस्तो भयो । अनि त्यहाँ गएपछि आफ्नो भाषा त हराउने भैहाल्यो । माझी भाषाको बुवाहरुले बोलेको अलिअलि थाहा पाउँथे, माझी भाषा बोलेको कुरा । अनि त्यो थाहा नभाको कुराले पछि त त्यो सबै हराउने भैहाल्यो । अनि, मेरो बुबा भनेको को भन्दाखेरी हाम्रो, अहिले म यसै विषयमा खोजीमा छु । पहिला चाहिँ सबै भनम न धेरै सबैजसो जनजातिहरूको आफ्नो प्रथाजनित कानुन, प्रथाजनित संस्था हुँदोरहेछ । यति वर्ष हिडिसके यो कुरा अहिले भर्खर थाहा पाउँदै छु के । अनि हुँदोरहेछ, अनि हाम्रो माझिको पनि मझीसभा भन्ने हाम्रो भनुम न अहिलेको माझी उत्थान संघका भन्याजस्तो के । मझीसभा भन्ने हाम्रो परम्परागत जातिय संस्था हुँदोरहेछ । त्यो संस्थाको चाहिँ मेरो बुवा चाहिँ गौरुङ ,गौरुङ भनेको चाहिँ उपाध्यक्ष । अहिलेचाहिँ उपाध्यक्ष भनम न । मझी, गौरुङ, अढाई, दलाली, जेठबुढा ५ जानाको समिति हुँदोरहेछ । अनि मझी भनेको मिझार , उ चाही अध्यक्ष जस्तो, अहिलेको अध्यक्ष भनम न अहिलेको बोलीचालीको भाषामा अध्यक्ष भन्छन् त्यतिबेला चाहिँ आफ्नो परम्परागत संस्थाको चाहिँ मझी अनि मेरो बुवा चाहिँ गौरुङ । मेरो बुवालाई चाहिँ सबैले गौरुङ दाइ गौरुङ दाइ भन्थे । मेरो बुवाको नाम रामबहादुर   तर मलाई गौरुङ भनेको थाहा छैन, अहिले भर्खर थाहा पाछुँ त्यो कुरा । अनि गौरुङ भनेपछि सबैले चिन्ने, रामबहादुर भन्यो भने नचिन्ने । अनि मेरो बुवाको चाहिँ त्यो पद रहेछ गौरुङ भन्ने । अनि त्यो त त्यहाँ गएपछि, अब त्यो त आफ्नो जिल्लामा छदा होइन अनि भनम न त्यो ५ जनाको समिति चाहिँ कस्तो रहेछ भने पहिला चाहिँ हाम्रो माझी, अहिले मैले माझीको कुरा गर्छु  अरुहरुमा पनि छ के । थारुमा अहिलेपनि छ, थकालीमा अहिले पनि छ, नेवारहरुमा छ अब मचाहिँ माझी को कुरा गर्छु । अनि माझिको यो यसलाई पञ्च पोखरी पनि भन्छ ५ जाना भित्र गाको हुनाले । यसैले राज्य संचालन गर्ने रहेछ त्यतिबेला । माझीहरूको बसोबास भनेको त्यतिबेला कस्तो छ भने पहिला त अब माझीको पेशा भनेको घाट काट्ने ढुङ्गा तार्ने । अनि माझी महिलाहरुले चाहिँ त्यो घाटमा बसेर जाँड रक्सी बेचेर दुई-चार पैसा कमाउने । अनि माझीको जग्गाजमिन भनेको, अहिले पो लालपुर्जा आयो त त्यतिबेला चाहिँ माझिको मात्रै होइन अरु पनि जनजातिहरूको पनि आफ्नै भूमि रहेछ । अब मैले यहाँ भूमिसँग कुरा जोडे ।

प्रश्नः हजुर ।

उत्तरः भूमि भन्नेबित्तिकै आदिवासी जनजातिहरूको भूमि हुन्छ, आफ्नो छुट्टै भूमि हुन्छ । माझीको भूमि का त भन्दाखेरी माझी भनेको जहिलै खोलाको छेउछाउमा बस्छ किनभने उसको पेशानै त्यसमा आश्रित हुन्छ । अनि जतिपनि अहिले चाहिँ हाम्रो त्यो त्यतिबेलाको खोजी अनुसन्धानमा चाहिँ के छ भने जति कुहिरोले ढाकेको हुन्छ बिहान उठ्दा खेरी, कुहिरोले ढाकेको ठाउँ हुन्छ माझीहरु त डाँडामा बस्दैन अनि त्यो ठाउँ जति सबै माझीको भूमि रहेछ । अनि त्यो माझीको भूमि चाहिँ बिस्तारै बिस्तारै आएर, १८२५ पछाडि आएर, पृथ्विनारायण शाह पछाडि आएर त्यो माझीको भूमीलाई चाहिँ किपट बनाउने उनीहरुलाई, राजाहरुलाई तारे बापत तिमीहरूलाई यति किपट भन्ने । त्यो माझीकै भूमिलाई उनीहरुले तिमीहरूको किपट भनेर, किपटको नाममा परिणत गरिदियो ।अनि त्यो भूमिलाई चाहिँ पछि आएर कुनै-कुनै माझीहरूको त्यो भूमीलाई चाहिँ वित्तामा परिणत गरिदियो । त्यसो गर्दै गर्दै अहिले माझीहरूको सबै भूमिहरु खोसिएछ । अहिले एकदम ठूलो एउटा कार्यक्रम भनम न माझीहरूको लागि त्यो घट्नै हो, रामेछापमा त्यो पनि म पछि तपाईलाई सेयर गर्छु । अनि त्यसो गर्दै गर्दै माझीहरूको सबै भूमि चाहिँ खोस्यो सरकारले, कानुन बनाई बनाई खोस्यो । पछिपछि माझीहरु सँग अब कति त अहिले पनि माझीहरु

सँग डुङ्गा नभाको माझीहरु खोला छेउछाउमा त्यत्तिकै बसेका छन् । अनि खोलाहरूमा चाहिँ डुंगा चलाउने कुरामा पनि पुलहरू बन्यो त्यल्ले गर्दा पनि माझीको पेशा समाप्त भाको छ । अनि त्यतिबेला मेरो बुवाले चाहिँ त्यो ठाउँमा बसेर त्यो मझीसभाले नै त्यो ठाउँमा माझीको एउटा राज्य संचालन भनम न त्यस्तो रहेछ पहाडमा हुँदाखेरि । माझीको विशेष बसोबास क्षेत्र भनेको काभ्रे, कोसी खोलाको आसपास हो विशेषगरी माझीको क्षेत्र । अहिले त्यहाँबाट विस्थापित गराउँदै गराउँदै जम्मै तराई झरे, बसाइँसराइ जाने भाको छ । त्यो विकास योजनाले गर्दाखेरि माझीहरुको विस्तापित भाको छ । त्यतिबेला, त्यो भन्दा अगाडि चाहिँ जुनबेला विकासको योजनाहरु थिएन त्यति बेलाचाहिँ त्यो ठाउँमा राज्य गर्ने भनेको बुवाहरुको जस्तो पद भाको माझीहरूले चाहीं राज्य गर्ने गर्दोरहेछ । त्यो त्यही ३-३ वर्षमा त्यो पद जुन ५ जानाको जुन हुन्छ त्यो चाहिँ ३-३ वर्षमा परिवर्तन हुँदो रहेछ । अनि ३ वर्षमा परिवर्तन हुने पनि आफ्नै सिस्टम छ , माझीको ठुलो पर्व भनेको लदी पर्व जसलाई कोसी पूजा पनि भन्छ नेपाली भाषामा । लदी भनेको कोसी पानीको  पूजा । माझीले चाहिँ वर्षौंभरी तारघाट गर्ने ,माछा मार्ने  उनीहरूको पेशा जीवनको दैनिकी नै त्यहीबाट चल्ने हुनाले नदीलाई भव्यरुपमा १ चोटी वर्षमा पुजा गर्छ डुङ्गा राखेर । त्यसैलाई नै आफ्नो पर्व मानिन्छ । अनि आफ्नो त्यो जतिपनि मझीसभा गठन गर्ने प्रक्रिया त्यहाँ त्यही नदी पूजामा हुन्छ । लदी पूजाको दोस्रो दिनमा हुन्छ । अनि मेरो बुवाले चाही त्यो सबै गर्नु भाको रहेछ जुन आफ्नो थातथलोमा हुँदाखेरि । जब उहाँ चितवन जानुभयो सबै कुरा त्यहाँ समाप्त भयो । अनि मेरो बुवाको हिस्टरी चाहिँ त्यसरी रहेछ । बुवाको हिस्टरी अझै मैले खोज्नुपर्ने छ । बुवा बित्दा मलाई यस्तो कुराहरु ज्ञान भएन । बुवा हुँदाखेरि, अब बुवा बिती सक्नु भएपछि मलाई अब यो कुराको खोजी गर्न आवश्यक छ, म यसमा लागि परिराछु । मेरो ममीहरु भनेको पहाडमा कसैले पनि मेरो पाँचजना दाजुभाई, दिदिबहिनी, मसहित गरेर ६ जना कसैलेपनि स्कुल टेक्नु भाको छैन । ममीले झन् स्कुल टेक्ने कुरै भएन । अनि चितवनमा गएर चाहिँ त्यो अलिअलि जग्गाजमिन, मेरो बुवाहरु जाँदाखेरि चितवन पुरै जंगल थियो रे । त्यो जंगल फाँडेर जति आफूले लिन सक्यो त्यति आफ्नो नाममा पुर्जा हुने रहेछ । चितवनको बस्ती त्यसरी बसेको रहेछ । चितवन पुरै जंगल रहेछ पहिला, सबै पछि पहाडबाट झरेर त्यो चितवन जंगल फाँडेर बाघ, भालु, हात्ती, घोडा सबै त्यहाँ घना जंगल फाँडेर चितवनमा अहिले त्यस्तो चितवन भा छ । त्यो बेला मेरो बुवाहरु शुरुवातमै त्यहाँ जानु भएको रहेछ । त्यसपछि बुबाहरु आफ्नो थाकथालो को संस्कार संस्कृतिहरू त सबै भैहाल्यो । भनेपछि बुबाको बेकग्राउन्ड त्यो हो । ममीको केही छैन तै भइहाल्यो । मेरो दाजुहरु पनि अलि अलि पढेको तेत्तिकै छाड्नु भयो त्यही हो आर्थिक स्थिती नै कमजोरी चितवनको ठाउँमा त्यही भएर छोड्नुभयो । मैले जसोतसो त्यतिसम्म पढे । अब संस्कार, संस्कृतिको विषयमा मैले अगि जोडे मैले । विशेषगरी अहिलेको सिचुऐसनमा पनि अझैपनि माझीहरु विस्थापित हुँदैछ ।

प्रश्नः हजुर ।

उत्तरः अझैपनि माझीहरूको बसाई त्यही ठाउँमा नै भइरहेको हुनाले, त्यो ठाउँबाट अझै माझीहरुको विस्तापित गराउँदैछ । भर्खर नै लागू भइसकेको छ यो सुनकोशी मरिन डाइभर्सन । यो उद्देश्य परियोजना नेपाल सरकारले लागू गरिसकेको छ । यो चाहिँ यता सुनकोसी मरीन देखि रामेछाप सम्म ठूलो हाइड्रो डयाम् बनाउँदैछ । त्यहाँबाट चाहिँ तराईको पाँचवटा जिल्लामा सिँचाइ लाने अनी बत्ती निकालेर बत्ती बेच्ने त्यो योजना लागू भइसकेको छ । अहिले रामेछापको माझीहरूको लगभग सबै जग्गा रोक्का भइसकेको छ । भनेपछि अझै माझीहरुको विस्तापित हुँदैछन् । त्यसको लागि सरकारले क्षतिपूर्ति भनेर

पाँचदेखि दश लाख दिने हो । उहाँहरूको त्यो इआइए को रिपोर्ट हेरेको थिए मैले, त्यो भनेको अब जग्गाको अवस्था हेरेर पाँचदेखि दश लाख क्षतिपूर्ति दिने प्रतिरोपनी भन्ने इआइए को रिपोर्टमा रहेछ । त्यसले त माझी हरुलाई केही पनि हुँदैन जो आफ्नो बस्ती सबै डुबानमा पर्छ । आफ्नो बस्तीमा जब चाहिँ  हाइ डेम बन्दैछ भनेपछि उनीहरुलाई अझै पनि विस्थापित गराउँदैछ । भनेपछि माझीहरूको स्थिति कुराको लागि म चाहिँ खोजी गर्दै छु अलिकति आफूले पुगेको ठाउँ सम्म आवाजहरु पनि उठाउँदै छु । हजुर, बाल्यकाल बाट म कताकता डाइभर्ट भए कि क्या हो ( हा हा) ।

प्रश्नः होइन, ठिक छ दिदीले अब हामीलाई त्यही नै कुराहरु चाहिएको हो । अब हजुरको समुदाय कस्तो के भन्नेबारे पनि हामीले यो डाकुमेन्ट गर्ने हो होइन अनि त्यसमा चाहिँ दिदीलाई धेरै धेरै धन्यवाद । अझै प्रश्नहरू चाहिँ छन होइन प्रश्न चाहिँ मैले अब यसैसँग हजुरले अब बिकासे योजनाहरु सँगै कुराकानी गर्नुभयो होइन । मैले चाहिँ यसैसँग जोड्न चाहेँ अब कस्तो भन्दा खेरि जुन अब राजाहरूको पालामा थियो नी त्यो बेलामा चाहिँ अब जनजातिहरूको रोजगार हरूको त्यो त अब त्यो कुराहरुलाई ध्यान नपुर्याई विकासको योजनाहरु गरियो नि, त्यो चाहिँ कसरी लिएर गएको भए अझै राम्रो हुन्थ्यो जस्तो लाग्छ हजुरलाई ? कसरी चाहिँ हामीले अब जनजातिको ल्यान्डलाई हुन्छ नि भूमिलाई पनि संरक्षण गरेर साथसाथै लिएर जानुपर्ने अनि त्यो चाहिँ अहिलेमा चाहिं अहिलेको जुन विकास योजनाहरु छ त्यसले जनजातिलाई थ्रेट गरिरहेको छ कि छैन ?

उत्तरः विकास योजनाले त अहिलेसम्म थ्रेट गरेको किन नहुनु नि । जा जा यो जनजातिहरूको बस्ती हुन्छ, त्यहाँ त्यहाँ विकास योजनाहरु जान्छ किन भन्दाखेरी आदिबासीहर भनेको एकदम नितान्त प्राकृतिक स्रोत साधनहरुमा उनीहरूको जीवन चलेको हुन्छ । आदिवासीहरुले वनजंगलमा पाउने जडिबुटी देखि लिएर, सागसब्जी देखि लिएर वनजंगलमा पाउने त्यो प्राकृतिक स्रोतहरू मा चाहिँ बढी उनीहरूको उपभोग हुन्छ । प्राकृतिक स्रोतहरू चाहिँ बढी आदिवासी जनजातिहरूको चलाउछ जस्तो तपाईंको चाहिँ अब एउटा माझीको कुरा गरौं, माझीको फोकस गरे मैले । माझीहरूले पुरुषहरुले घाटमा डुंगा चलाउने, माझी महिलाहरुले घाटमा बसेर वारपार गर्ने यात्रुहरुलाई जाड रक्सी खुवाउने, खाजाको रुपमा जाड बेच्ने र दुईचार पैसा आम्दानी गर्ने । अनि त्यो जाँड बनाउने मोर्चा का पाउँछ भन्दाखेरी त्यो जंगलमा पाउँछ । अहिले त्यो पुरै जंगलहरुलाई अब धेरै ठाउँमा अब राष्ट्रिय निकुञ्जको कुरा आउँछ यसमा जोडिन्छ फेरि । राष्ट्रिय निकुञ्जको वन्यजन्तु संरक्षण गर्ने हिसाबले राष्ट्रिय निकुञ्जको ऐनहरु ल्यायो राष्ट्रिय निकुञ्ज बनायो जग्गा जमिनहरु त्यो ठाउँमा जानलाई अहिले कानुनले नै बन्देज छ, त्यो ठाउँमा जान पाउँदैन । अनि खोलानालामा तपाईंको माछा मार्ने कुरा गर्नुहुन्छ भने खोलामा हाइड्रो पावरहरु बसे पछी त्यहाँ माछा मार्ने माझीको जम्मै व्यवसाय बन्द भइहाल्यो । उदाहरण, मेलम्ची खानेपानी काठमाडौंबाट ल्याउँदैछ, जहाँ म बिहे भएर जाँदा खेरी सम्म पुरै माझीहरु रातभरि बत्ती बालेर माछा मारिरा हुन्थ्यो ।

प्रश्नः हजुर ।

उत्तरः अब अहिले त्यहाँ तीव्रगतिमा पुरै क्रसर हरु मात्र छन् कति हो कति अब त्यो टिपर, त्यो क्रसर मेसिनहरु अहिले त्यो माछा मार्ने ठाउँमा त्यसरी क्रसर टिपरहरु त्यसरी बसेछ अब गिटीबालुवा सबै थुपारेर । अब देशभरि गिटी बालुवा बेचेर बसेछ । त्यहाँको माझी को लागि अधिकार खै त । होइन त्यत्रो आयोजना बन्यो ,माझीको लागि अधिकार खै त, माझीले पाउने त्यहाँको सुविधा खै । अब विकासे योजना

सरकारले गर्दाखेरि सरकारले अन्तर्राष्ट्रिय कानुन पनि आइ.एल.ओ, युएनडिपी भयो यी कानूनहरु लागू गर्छु भनेर अनुमोदन गरिसकेको छ। तर त्यो कानुनहरु कहीँ पनि लागू भएको छैन। केही पनि परियोजना सञ्चालन गर्दा त्यो कानुन लागु भएको छैन । अर्को कुरा, कुनैपनि आदिवासीको ठाउँमा कुनै पनि परियोजना सञ्चालन गर्दा खेरी सबभन्दा पहिला त्यहाँको आदिवासीहरु सँग एर्गिमेन्ट गर्नुपर्छ। उनीहरुसँग छलफल चलाएर उनीहरुसँग स्वीकृत मन्जुरी लिनुपर्छ तर त्यो त गरेको छैन । नगरिकन, जबर्जस्ती त्यहाँबाट आदिवासीहरुलाई विस्थापन गराउने, थोरै थोरै क्षतिपूर्ति दिएर उठाउने त्यो कामहरु गरिराखरको छ। तर सरकारले अन्तर्राष्ट्रिय कानुन उहाँहरुले मान्छु भनेर हस्ताक्षर गर्नुभा छ त्यो कानुनलाई चाहिँ मानेर आदिवासीहरूको ठाउँमा त्यस्तो विकासे परियोजना नबनाइदिए आदिवासीहरु सँग एफिक गर्ने, आदिवासीहरुको सँग चाहिँ छलफल गर्ने त्यो गर्नुपर्छ। अनि त्यो गरिसकेपछि चाहिँ विकास रोक्न हाम्रो पनि उद्देश्य होइन, विकास गर्नुपर्छ त्यो भनेको राष्ट्रको विकास हो तर विकाससँगै आदिवासीहरूको भाषा, धर्म, संस्कृतिलाई पनि संरक्षण गर्ने , उनीहरुलाई त्यो ठाउँबाट अर्को ठाउँमा लाँदा पनि उनीहरुलाई आजीवन भरी उनीहरूको सुरक्षित होस् । अब २-४ लाख दियो उनीहरुले त्यो २-४ लाख पैसा त खर्च गर्छ सक्छ पछि उनिहरु काहिँ केही पनि हुँदैन। धेरै घटना छ त्यस्तो माझीहरूमा त्यो अर्को ठाउँमा राम्रोसँग बसोबास गर्न नसकेको घटनाहरु छ।

प्रश्नः हजुर दिदी।

उत्तरः अनि सरकारले चाहिँ त्यो नियमहरु पालना गर्नुपर्यो आदिवासीहरु सँग एक्टिम गर्नुपर्यो, आदीबासीको सबै कुरो संरक्षण गर्नु पर्यो। तपाईंको अहिले सुनकोशी मरिन डाइभर्सन परियोजनाले चाहिँ अब तेत्रो सुनकोसीमा तामाकोसीमा त्यत्रो माछाहरु त्यहाँको जैविक विविधताहरु जम्मै नष्ट हुन्छ नि त त्यसको संरक्षण कसले गर्छ। अनि विस्तापित भाको त्यहाँको माझीहरूको जीवनभर उनीहरूको त्यो पेशा, उनीहरूको रोजगारी त्यसलाई समाप्त पारेपछि अब उनीहरूको वैकल्पिक रोजगारी वैकल्पिक पेसा खै त सरकारले ग्यारेन्टी गरेको, त्यो गर्नुपर्छ।

प्रश्नः हजुर दिदी हजुर।

उत्तरः त्यसका पछाडि आएर त्यो परियोजनाबाट जति पनि मुनाफा हुन्छ नि, सरकार र देश त घाटामा जाँदैन त्यो मुनाफा चाहिँ केही सट्रेन पर्रसेन्ट आदिवासीलाई जो त्यहाँबाट विस्थापित हुँदैछन् , त्यहाँको आदिवासीलाई छुटाइयो भने उनीहरुले चाहेको जस्तो काम गर्नसक्छ। उनीहरूको शिक्षामा लगानी गर्न सकिन्छ। भाषा, धर्म, संस्कार, संस्कृतिलाई निरन्तरता दिन सकिन्छ। उनीहरूको रोजगारीलाई निरन्तरता दिन सकिन्छ। राम्रोसँग उनीहरूको विकास गर्न सकिन्छ नि। परियोजनाको विकास गर्ने अनि त्यहाँको आदिवासीहरुलाई समाप्त गर्ने त्यो त बिल्कुलै राज्यले गलत काम गर्यो त्यो चाहिँ गर्न हुँदैन।

प्रश्नः दिदि, मैले अब है यो सम्बन्धि त कुरा गर्यौ तर मलाई चाहिँ के जान्न मन लागेको भन्दाखेरी दिदि तपाईले माझी आफ्नै समुदायमा चाहिँ प्रथाजनित कानुन छ र प्रथाजनित सभाहरू नि आफ्नै पहिलेदेखि नै बस्नु हुन्छ भन्नुभयो। त्यसमा चाहिँ मैले के सोध्न खोज्ने भन्दा न्याय निशाफको कुराहरु अनि समाजमा हुने छलफलहरु सामाज कसरी लिएर जाने यस्तो कुराहरु पनि त्यहीँ बाट हुन्थ्यो ?

उत्तरः त्यहीबाट हुन्थ्यो, कसरी हुन्थ्यो भने मानम गाउँमा केही भयो, केही झगडाहरु भयो, केहि मुद्दाहरु मिलाउनु पर्यो भने मुद्दाहरू अहिले अदालतमा जान्छ नि त्यो मुद्दाहरु आउने नै मझीसभामा हो त्यस्तो

केही हुनेबित्तिकै । अनि  त्यो मुद्दा आइसकेपछि त्यो मझीसभा बस्छ । अहिले भखर हामीले तेललाई रिसर्चमा गरिराखेका छम् हामी अहिले । अनि त्यो मझीसभा बसिसकेपछि त्यहाँ छलफल हुन्छ । अनि छलफल भएपछि मुद्दा त्यहाँ कस्तो पक्रिया रहेछ भने मुद्दा चाहिँ हार्ने र जित्ने को पक्ष नभएर बराबरीमा मुद्दा टुंग्याउने रहेछ। कसैलाई पनि मैले हारे भन्ने फिल नहुने त्यस्तो खालको मैले जिते भन्ने फिल नहुने त्यो खालको बराबरीमा चाहिँ त्यो मुद्दा टुंगिने रहेछ । अनि मुद्दा टुंग्याउने बेलामा चाहिँ गल्ती गर्ने पक्षले सगुन ल्याउने । अनि त्यो मुद्दा जब छिनोफानो हुन्छ नि अब यो गर्नुपर्यो यो गर्नुपर्यो भनेर मझीसभाले टुंगो लगाउँछ, लगाइसकेपछि तो गल्ती गर्ने पक्षले सगुन राखेर, मझीसभा बस्छ । उनीहरुले त्यो सगुन राख्ने अनि ल मैले चाहिँ यस्तो गल्ती गरे अब यसरी गल्ति गर्दिन भन्ने त्यसरी मुद्दाहरु टुङ्ग्याउँदो रहेछ ।

प्रश्नः हजुर ।

उत्तरः अनि जे काम गर्दा पनि त्यो समाजमा जे गर्नुपर्यो त्यो मझीसभाले गर्ने रहेछ । त्यहाँ बर्तबन्ध गर्नुपर्यो भने त्यही सबभन्दा पहिला मझेलाई मान्न जानुपर्ने रहेछ। सगुन लगेर मझेलाई ल हजुर अब मेरो छोराको बिहे गर्ने बेला भयो छोरीको बिहे गर्नु पर्ने बेला भयो भनेर चाहिँ त्यहाँ मझीसभामा गैसकेपछि चाहिँ मझेलाई सगुन लगेर त्यहाँ कुरा गरिसकेपछि बल्ल त्यहाँ चाहिँ केटा माग्न जाने कोशिसहरु सुरु हुँदोरहेछ। भनेपछि पुरै संस्था नै त्यो मझीसभाबाट चल्ने रहेछ। मुद्दा, मामला देखि लिएर सामाज संस्कृति चल्ने देखि लिएर सप्पै ।

प्रश्नः हजुर, अनि दिदी मैले चाहिँ अलि इतिहासमा हेर्न चाहे । यही कुरालाई हेरेर चाहिँ के रे त्यतिबेला त अब पञ्चायत सिस्टमहरु थियो होइन अनि यस्तो सिस्टमहरुले चाहिँ जुन जनजाति समुदायहरूको प्रथाजनित कानुनहरु छ नि यसमा चाहिँ असर गरेको पनि तपाईले पाउनु भयो की भएन ? यसको बारे अलिकति बताइदिनु अनि हामी फेरि अगाडि बढ्छम् ।

उत्तरः प्रथाजनित संस्था अहिले पनि जब नेपालमा विभिन्न कानुन ऐनहरु बन्यो त्यसका पछाडि आदिवासीहरूको प्रथाजनित कानुनहरुलाई समाप्त पार्यो ।

प्रश्नः हजुर ।

उत्तरः अदालतमा उजुरी गर्न जानुपर्ने, अदालतबाट फैसला गर्नुपर्ने अनि हाम्रो ऐन कानुनलाई चाहिँ मान्यता नदिने भयो ।अझै पनि कुनै(कुनै समुदायहरुले यसलाई निरन्तरता दिइ राखेको छ । जस्तो थकालीको कुरा गरौं, थकालीमा उनीहरूको अहिले चाहिँ घम्पा प्रथा भन्ने छ अनि थारुहरूको बढगड छ । उनीहरुले कतिपय कुराहरु त्यो आफ्नै त्यहीं प्रथाजनित संस्थाबाट मिलाउँछ। धेरै मिलाउँछ, धेरै कुराहरु उस्तै त्यस्तै पर्यो भने नत्र मिलाउँछ ।

प्रश्नः माझीको ?

उत्तरः अनि माझीको चाहिँ, माझी लगायत अहिले हामीले थापाएको चाहिँ थारुको अनि थकालीको अनि नेवारको गुठी प्रथा छ अनि धिमालको छ अनि अर्को सन्थाल को छ ।  यो ५-६ वटा प्रथाजनित संस्था जीवितै छ समुदायहरूको बाँकी अरु सबैको खोजी अनुसन्धानको पाटो रहेको छ । पहिला थियो, अब अहिलेको युवाहरुले त्यसलाई खोज्ने, कस्तो थियो कसरी चल्थ्यो भन्ने अहिले रिसर्चको बाटो भएको छ ।

अहिले जुन यो प्रथाजनित कानुन ले हाम्रो गरेको कुरा त नेपालको कानुनले मान्यता दिँदैन । अब अहिले हामीले उठाइरहेको प्रमुख एउटा मुद्दा त्यो पनि हो । अन्तर्राष्ट्रिय सम्धी, सम्झौताहरुमा यो आदिवासीहरूको परम्परागत संस्था, परम्परागत कानुनलाई पनि मान्यता दिइने छ भनेर लेखेको छ । तपाईंको यूएनडीपी मा, आइएलओ मा लेखेको छ । त्यो दुइटामा नेपाल सरकारले हस्ताक्षर गरेको छ मान्छु भनेर तर मानि राको छैन । त्यो कुरालाई मान्यता दिनुपर्छ भनेर अहिले हामीले उठाइरहेको कुरा पनि एउटा प्रमुख मुद्दा यो हो । हामीले यो संविधान बनिरहँदा पनि यो कुरामा धेरै हामीले आन्दोलन गर्यौं । परम्परागत जातिय संस्थालाई पनि मान्यता दिनुपर्छ यदि यो हाम्रो संबिधान चाहिँ, संविधानमा भएको कानुन र हाम्रो परम्परागत संस्थामा भएको नियम ऐन कानुनहरु बाझिएको खण्डमा परम्परागत संस्थालाई नै मान्यता दिनुपर्छ भन्ने सम्म छ त्यो अन्तराष्ट्रिय घोषणापत्रमा ।

प्रश्नः हजुर दिदी ।

उत्तरः त्यसैले गर्दा असर परेको छ नै, असर मात्रै होइन समाप्तै भाको छ । यसलाई फेरि पुनर्गठन गर्नुपर्छ भनेर हामीले फेरि कोसिसहरु अगाडि बढाइराखेका छौं । माझीको पनि अब अहिले अलिकति रिसर्चको पाटो हुन्छ त्यतिकुरा सम्म हामीले बुढापाखा सँग सोधेर बुझेर, यति थाहा पाको मझीसभा हुँदोरहेछ भनेर ।

प्रश्नः हजुर ।

उत्तरः अहिलेलाई विस्तार बाटै गर्नुपर्ने भएको छ, त्यसको कुरा अहिले भन्छु ।

प्रश्नः ए, दिदीलाई मैले माझी समुदायको बारेमा धेरै नै सोधे । अहिले चाहिँ मैले चाहिँ हजुरको व्यक्तिगत जीवनमा चाहिँ अलिकति सोध्न चाहे है । तपाईले चाहिँ अब आदिवासी जनजाति महिला संघ या माझी महिला संघ आफै नै गठन गर्नुभयो । तपाईंलाई यो चाहिँ किन आवश्यक पर्यो जस्तो लाग्छ ?

उत्तरः अब यो अघि भने सुरुमा ।

प्रश्नः होइन, मैले चाहिँ मूल धार महिला सामर्थी भनेको ।

उत्तरः हजुर, अहिलेको सन्दर्भमा सुरुमा त मैले नबुझेर हाम्रो माझी उत्थान सङ्घको अध्यक्ष उपाध्यक्षहरु सँग नै यो कुरामा डिबेट गरे यस्तो हुँदैन भनेर । जब म बुझ्दै गरे यो अति आवश्यक रहेछ अब मुलधारको महिलाहरु र हामी आदिवासी महिलाहरु फरक छौ । के अर्थमा फरक छौ भने हाम्रो परम्परागत संस्कार संस्कृति सबै छुट्टै छ । यो कुराहरुलाई ब्यूँझाउन पर्यो । हाम्रो भाषा, धर्म, संस्कार, संस्कृतिहरुलाई बचाउनु पर्यो नेपालको कानुनमा त्यो छैन । अनि यो समुदाय भनेको चाहिँ हरेक हिसाबले चाहिँ शैक्षिक हिसाबले, राजनीतिक हिसाबले, आफ्नो अधिकारको हिसाबले पछाडी परेको समुदाय हो । आदिवासी महिलाहरु पछाडि परेको समुदाय हो । यसलाई मूलधारमा ल्याउनको निम्ति यो संस्था आवश्यक पर्यो । समुदायगत संस्थाहरु गठन भएको छ । आदिवासी महिलाहरु एकदमै धेरै राज्यस्तरबाट पनि, मुलधार समुदायबाट पनि चाहिँ कस्तो भन्दा खेरि एकदम त्यो पछाडि परेको, परेको होइन पारेको भन्छम हामीहरु चाहिँ । पछाडी पारिएको समुदाय हो र यसको लागि यो आदिवासी महिलाहरुले चाहिँ आफ्नो अधिकारको कुरा उठाउनु पर्छ भन्ने अब आदिवासी महिलाहरु कस्तो भने एउटा टेडो विभेदमा परेको हामीले अनुसन्धानमा पायौ । एउटा आदिवासी महिला भएको कारणले र अर्को महिला भएको कारणले हामीलाई सरकारले सुलो

ठूलो एउटै बास्केटमा राखेर ३३ प्रतिशत महिलाभित्र राखेर राख्छ तर त्यो ३३ प्रतिशत महिला भित्र हामी आदिवासी महिला के पुग्न सक्छौं त भनेपछि सक्दैनौ । त्यसकारणले आदिवासी महिलाको छुट्टै संरक्षण गरिनुपर्छ, छुट्टै पहिचान हुनुपर्छ । आदिवासी महिलाको पहिचान सहितको अधिकारलाई सुनिश्चित गर्नुपर्छ भनेर हामीले यो हामीलाई यो छुट्टै हुनुपर्छ भन्ने लागेको हो । गठन गर्नुपर्ने आवश्यकता पनि त्यसरी परेको हो । अर्को कुरो म अलि पछाडि फर्किन चाहन्छु, जब आदिवासी जनजाति ५९ ओटा आदिवासीलाई सूचीकृत गरियो  नेपाल सरकारले त्यसपछि यो आदिवासी जनजाति महासंघमा पहिला एकजना पनि महिला थिएनन् रे हेर्नुस । आदिवासी जनजाति महासंघमा कोको हुनुहुन्थ्यो भन्दा खेरी बमकुमारी बुढामगर, चुन्दा बज्राचार्य, स्टेला तामाङ । यति जना आदिवासी जनजाति महासंघमा उहाँहरु इन्भल्ब  हुनुहुन्थ्यो । तर जब हामी पछि संगठित भयौ, संगठित भइसकेपछि आदिवासी महासङ्घको अधिवेशनमा हामीले हल घेराउ गर्यौं । आदिवासी महिलाको यहाँ १५ प्रतिशत प्रतिनिधित्व हुनुपर्छ भनेर जनजाति महासङ्घको अधिवेशनको हल घेराउ गरिसकेपछि उहाँहरुले नेकस्ट टाइम देखि चाहिँ महिलाहरुलाई पनि एकजना महिला अनिवार्य परिषद् सदस्यमा ल्याउने भनेर उहाँहरुले त्यो विधान संशोधन गर्नुभयो । गरिसकेपछि, अब त्याहा महिला प्रतिनिधि भएर जाने भनेको पहिला जातीय संस्थाबाट जाने हो । अब जातीय संस्थामा महिला खोज्दा पनि जातीय संस्थामा पनि पुरुषै पुरुष हुने । अनि फेरी त्यसको लागि जातीय संस्थाहरूको चाहिँ विधान संशोधन गर्नुपर्ने भयो । त्यसरी जातीय संस्थाको विधान संशोधन गर्दै अहिले सबै जाती संस्थामा महिला अनिवार्य छ, त्यसपछि जनजाति महासंघमा पनि अहिले परिषद् सदस्यमा एकजना पुरुष एकजना महिला गठन भाको छ । त्यति हुँदाहुँदै पनि त्यहाँ आदिवासी जनजाति महासंघमा, त्यो त अझै पछि कुरा हो यो त महिलामा संगठन भैसकेपछिको कुरा हो यो । महिला महासंघ नै किन गठन गर्यो भन्ने कुरा छ । आदिवासी जनजाति महासंघमा कहिल्यै पनि आदिवासी महिलाहरूको कुराहरु उठेन । त्यहाँ त पुरुषै पुरुष हुने, आदिवासी महिलाहरु को अधिकार के हो भन्ने नै थाहा छैन । झण्डै पुरुषहरूलाई थाहा छैन भन्ने हो भने मैले टाढा किन जाने । कहिल्यै पनि हाम्रो पुरुषहरुले कुरै नउठाउने आदिबासी पुरुषहरुले । भएपछि छुट्टै आदिवासी महिलामा महासंघ गठन गरेर अनि आदिवासी महिलाहरु चाहिँ छुट्टै आफ्नो अधिकारको लागि आफ्नो पहिचानको लागि अहिलेसम्म चाहिँ यो लड्दै आको हो । अब आदिवासी महिला महिला अघि भने टेडो विभेदमा परेको कुरा । हामी आदिवासी भित्रै पनि हाम्रो लडाइँ छ हेर्नुस, आदिवासी पुरुष भित्रै पनि हाम्रो लडाइँ छ  किनभने आदिवासी हामी महिलाहरुलाई अगाडि बढ्नै दिँदैन के, समस्या त्यहाँ निर छ । जा पनि पुरुषहरुले अगाडि सर्ने, अलग्ग गए ठिकै छ नभए महिलाहरूको समस्या नउठाई दिने । त्यही भएको हुनाले हामी यसको लागि छुट्टै गठन गरेर यसरी हामीले छुट्टै अगाडि बढ्नुको एउटा आवश्यकता त्यो हो । आदिवासी महिलाहरुले चाहिँ आफ्नो पहिचान सहितको युऐनडिपी र आइ.एल.ओले दिएको अधिकारलाई प्राप्त गर्नको लागि आदिवासी महिलाको पहिचान सहितको अधिकार हरेक ठाउँमा प्रतिनिधित्व सहित सुनिश्चित हुनुपर्छ भनेर हामीले उठाइरहेको कुराहरु यो पनि हो एउटा ।

प्रश्नः हजुर दिदी, मैले चाहिँ अब यसैसँग नै हजुरले चाहिँ अब आदिवासी जनजाति महिला संघमा चाहिँ पुरुषको बहुल्यता बढी, आदिवासी पुरुषको बहुल्यता बढी भनेर जानु भयो तर त्यतिबेला त्यो मूलधारको महिला संघ संस्थाहरु थियो अनि उनीहरुले चाहिँ जनजातिको आवाज या विषयवस्तु चाहिँ उठान कतिको गरेको थियो या मतलब कतिको चुकेका थिए त्यो बारे पनि बताउनुस् न । कसरी पछाडि पारिएका थिए जनजातिहरुलाई चाहिँ त्यसको बारे पनि बताउनुस् न ।

उत्तरः अब महिलाहरुमा अहिले २०६८ सालको जनगणनामा ५२ प्रतिशत चाहिँ महिलाको जनसंख्या छ तर ती महिला भित्र रहेको विविधता जुन छ त्यो लाई चाहिँ नेपाल सरकारले पनि त्यो लाई अपलोड चाहिँ गरेन । जनसङ्ख्यामा पनि त्यसरी छुट्याएर राखेन । भनेपछि समग्र महिला, अब हाम्रो टेडौ लडाइँ मैले अगि भने नि । हामी महिला महिलाभित्र पनि हाम्रो लडाइँ भयो हाम्रो अधिकारको लागि । मूलधारको महिलाहरुको भन्नुहुन्छ म महिला बिरोधी चाहिं होइन तर आफ्नो कुराचाहिँ राख्नु पर्दा खेरी हामी सबै महिला एउटै महिला हो । महिला भएपछि भइहाले नि सबैको समस्या उही त हो नि , सबैमा हिंसा हुन्छ, गरीब भन्ने हो भने हामी पनि गरिब छ, क्षेत्रीबाहुनको महिलाहरु पनि गरिब छ त्यस्तो समस्याहरु उहाँहरुले राख्नुहुन्छ तर त्यस्तो होइन । गरिब त भयो व्यक्ति भयो, सिङ्गै समुदायको हिसाबले हेर्नु पर्यो के । म माझी चिनीमाया गरिब होइन, माझी समुदाय गरिब छ कि धनी छ त्यसरी हेर्नुपर्यो । त्यसले गर्दाखेरि कहिल्यै पनि आदिवासी महिलाको कुरा कसैले नउठाकै कारणले गर्दाखेरि आदिवासी महिलाहरु संरक्षित हुनुपरेको हो र आदिवासी महिलाले जैले पनि आफ्नो पहिचान खोज्छ, आफ्नो अधिकार खोज्छ । यसलाई चाहिँ राज्यले मान्दैन, राज्यले एउटै बास्केटमा राखेको छ ३३ प्रतिशत महिला भनेर । भनेपछि हामी अन्य महिला भन्दा फरक हौ र हाम्रो पहिचान छ भनेर हामीले यो चाहिँ बुझाउनु नि पर्छ सायद नबुझेर पनि होला तर हामीलाई चाहिँ अलिकति पछाडि उहाँहरुले पारेकै हो । उहाँहरु अब शिक्षामा अगाडि हुन्छ, राजनीतिक क्षेत्रमा उहाँहरु नै अगाडि हुन्छ भनेपछि आर्थिक क्षेत्रमा उहाँहरु नै अगाडि हुन्छ । हामीलाई त राज्यले गरिब बनाउँदै लगेको छ नि त । हाम्रो अधिकार खोस्दै गएको छ । हामीलाई विस्तापित बनाउँदै गएको छ । हामीलाई त्यसको वैकल्पिक कै गरिएको छैन अनि हाम्रो भाषा धर्म संस्कार सबैको खोसिँदै गएको छ अनि हामी आर्थिकरुपले मात्रै गरिब होइन हामी समग्र चाहिँ सबै हाम्रो भाषा, धर्म, संस्कार, संस्कृति छैन भने त्यो स्वयं गरिब हो के । गरीब भन्नको मतलब म सँग टन्न खान सक्ने अन्न बालि छ त्यसले म धनी होइन । तर मेरो भाषा छैन मेरो धर्म छैन यहाँ मेरो धर्म बेग्लै छ नि त किन राज्यले मान्यता नदिने, मेरो संस्कारलाई किन राज्यले मान्यता नदिने । हामी त त्यो खालको गरीब हो नि त भनेपछि गरिबलाई पनि चाहिँ एउटा पैसाको गरिबी छुट्याउनु पर्यो । एउटा वर्गीय गरीब वर्गीय हिसाबले होइन जबसम्म यो जातीय समस्या, जातीय मुद्दा चाहिँ समाधान हुँदैन तबसम्म अहिले माओवादीले १० वर्ष जनयुद्धमा वर्गीय मुद्दा उठायो के, धनी र गरिब वर्ग मात्रै । तर गरी भनेपछि गरिबको परिभाषा आउनु पर्यो नि कस्तो खालको गरिब हो । त्यसले गर्दाखेरि हामीलाई चाहिँ सबैले नै हरेक क्षेत्रबाट पछाडि पारेको हो । तपाईंको चुनाव लड्नु पर्यो भने एउटा माझी महिलाले कहिले त्यो उमेदवारी जित्न सक्ला त । ऊसँग आर्थिक हुँदैन, ऊसँग राजनीतिक पहुँच हुँदैन, ऊसँग शिक्षा हुँदैन भनेपछि हाम्रो त राजनीतिक क्षेत्रमा पनि कहिल्यै पनि अगाडि बढ्न नसक्ने भयो नि । हरेक ठाउँमा आदिवासी महिलाको पहिचानसहितको प्रतिनिधित्व हुनुपर्छ, स्थानीय स्तरदेखि केन्द्रीय सरकार सम्म प्रतिनिधित्व हुनुपर्छ भनेर हामीले यो कुरा उठाएको हो । हामीले यसै विषयलाई लिएर हामीले यो सिभा समितिमा एउटा रिपोर्ट बुझाएका थियौं २०१८ मा, जेनेभामा सिभा कम्युनिटीमा । त्यहाँबाट चाहिँ नेपाल सरकारमा सिभा कम्युनिटीले ५३ वटा बुँदामा सुझाव पनि दिएको छ । त्यसमध्ये एउटा बुँदामा चाहिँ त्यो चाहिँ ४१ नम्बरको ए मा छ, त्यो बुदामा चाहिँ आदिवासीहरूको यूएनडीपी घोषणापत्र अनुसार आत्मनिर्णयको अधिकार सहित पहिचान सहितको अधिकार सुनिश्चित गरी संविधान संशोधन गर भनेर नेपाल सरकारलाई सुझाव पनि दिएको छ । हाम्रो लडाई भनेको त्यहाँ निर छ । नेपाल सरकारले त्यसलाई अहिलेसम्म वास्ता गरेको छैन । नेपाल सरकारबाट महिला मन्त्रालयबाट जानु भा थियो, महिला मन्त्री जिउ नै जानु भाको

थियो । उहाँले रिपोर्ट प्रस्तुत गर्नु भाथ्यो त्यसको पछाडि हामीले पहिला रिपोर्ट प्रस्तुत गरेम त्यसको पछाडि उहाँहरूको रिपोर्ट प्रस्तुत भाको थियो । त्यो रिपोर्ट अनुसार त्यसरी सुझाव यहाँ आएको छ । त्यो अहिलेसम्म सरकारले कार्यान्वयन नै गरेको छैन तर हामीले जति नै कार्यान्वयनका कुराहरु, अधिकारका कुराहरु उठाएका छौं हामीले कसैलाई पछाडि पार्नको लागि होइन, हामी हामी बीचमा विभेद ल्याउनको लागि होइन । हामी विभेदमा परेका छौं र हामीलाई पनि हरेक ठाउँमा हाम्रो पनि पहिचानको र अधिकारको सुनिश्चित गर भनेर मात्रै भनेका हौं र यो गरिरहँदा खेरी हामीलाई आदिवासीको को अगाडी उठ्यो भने के राज्य पछाडी पर्ने हो र । यो त एउटा राज्यको दायित्व हो भन्छु के म । आदिबासीको भाषा, धर्म, संस्कार, संस्कृति यति धेरै छ नि यो सबैलाई जोगाएर राख्नु सरकारको दायित्व हो । यो भनेको सरकारको गहना हो भन्छु म । यसैलाई हेर्नको लागि, यही थाहा पाउनको लागि ,यही देख्नको लागि आदिबासीहरुको यही चाहिँ धर्म संस्कार पहिचान र विविधताहरु हेर्नको लागी बिदेशबाट कतिधेरै पर्यटकहरु आउँछन् । तर नेपाल राज्यले चाहिँ हाम्रो यो कुराहरुलाई मान्यता दिँदैन । यो कारणले गर्दाखेरि चाहिँ हाम्रो लडाइँलाई यसरी अगाडि बढाएका छौं ।

प्रश्नः दिदीले व्यक्तिगत आफ्नो जीवन या आफ्नो हुन्छ नि केही काम कार्य गर्दाखेरि चाहिँ व्यक्तिगत रूपमै तपाईं जनजाति भएर, तपाईं एउटा समुदायको भएर चाहिँ त्यस्तो विभेद आफुलाई हुन्छ नि चसक्क घोच्ने , यो क्षण हुनुभएन है हुनेखालको त्यस्तो घटनाहरुले तपाईलाई छोएको छ ?

उत्तरः त्यस्तो घटनाहरु त कति छ कति छ । एकपटक म नाइन क्लासमा पढ्दाखेरि मेरो साथीले मेरो घरमा जाम भनेर लग्यो । अनि लगेपछि उहाँको घरमा गएम अनि खाना खान दिनु भयो के । मलाई त्यतिबेलासम्म यो जातीय विभेद भन्ने थाहा थिएन के । थाहा थिएन, अनि मेरो साथीको ममी चाहिँ बाहुन हो के ।

प्रश्नः हजुर ।

उत्तरः उपाध्याय बाहुन हो साथी अनि उहाँहरु चाहिँ उहाँहरूको भित्र किचनमा बसेर खानुभयो अनि मलाई चाहिँ किचनको ठ्याक्क बाहिर ढोकामा बोरा बिछ्याइ दिनुभयो अनि त्यो बोरामा म बसे अनि त्यहाँ ल्याएर खाना खान दिनुभयो । मज्जाले खाए, स्कुलबाट गएको भोक लागेको थियो । मज्जाले खाए अनि दही दूध खाने कुरा सबै राम्रोसँग दिनुभयो । एकदम मान गरेर खुवाउनुभयो तर मलाई चाहिँ किचन भन्दा बाहिर राखे के । राख्यो, तर त्यो किन राख्यो भनेर मलाई थाहा नै छैन । अब अहिले थाहा भए के जातीय विभेद रहेछ भन्ने कुरा । जब म यो क्षेत्रमा लागे, यो त जातीय विभेद पो भाको रहेछ । बाहुनहरुले त हामीले छोको नखादो रहेछ भनेर पछि पो थाहा भयो । त्यतिबेला मैले थाहा पाको भनेको दलित छुवाछूत । अब दलित समुदायलाई चाहिँ हामीले पनि छोको खान्थेन हाम्रोमा । पछि साथीभाई मा त त्यस्तो गरेन । त्यो छुवाछुत त्यो विषयमा दलितमा मात्र थाहा पाको थिए तर आदिवासीलाई पनि त्यस्तो गर्छ भन्ने कुरा थाहा थिएन । हामीले छोएको बाउनले नखादो रहेछ । अनि जातीय विभेदको अन्त्य हुनुपर्छ भनेर जुन हाम्रो एउटा मुद्दा यो पनि हो जातिय विभेदको अन्त्य । अनि मलाई अहिले आएर त्यो सम्झना आउछ के ।

प्रश्नः हजुर ।

उत्तरः दुखलाग्दो कुरा चाहिँ विभेदको भाको कुरा त्यो हो । तर एउटा पढ्ने सिलसिलामै स्कुलमा त खास मैले त्यस्तो विभेद भएको पाइन । सरहरुले एकदमै माया गर्नुहुन्थ्यो, मेरो साथीहरुले पनि एकदमै माया गर्नुहुन्थ्यो । मलाई अलि बढी अनुशासित छ भनेर एकदमै स्कुलमा धेरै प्रोत्साहन गर्नु हुन्थ्यो पढ्न गर्न यताउति गर्न पनि तर जातीय विभेदको कुरा चाहिँ मैले त्यहाँ त्यो घटनाबाट पछि यो फिल्डमा हिडेपछि थाहा पाए । अहिले सम्झना आउँछ मलाई त्यो कुरा, त्यस्तो भयो ।

प्रश्नः हजुर, पुरुष महिला भनेर यस्तो विभेद या हुन्छ नि यस्तो विभेद तपाईले काम गर्दाखेरि कतै त्यस्तो भोग्नुपर्यो कि परेन या हुन्छ नि महिला महिलामा पनि जनजाति बाहेक अन्यहरुले चाहिँ त्यस्तो केही , व्यक्तिगत आफ्नो काममा चाहिँ तपाईंलाई केही , काममा अलि कमजोर छ कि भनेजसरी, गर्न सक्दैन कि भनेजसरी , कुनै त्यस्ता घटनाहरु कामकै सिलसिलामा हजुरलाई परेको छ ?

उत्तरः कामको सिलसिला भन्दाखेरी मैले जिन्दगी जागिर खाएर पैसा कमाउने काम चाहि गरिन । अब पढे, पढेपछि बिहा भयो, बिहा भएपछि अब यो क्षेत्रमा लागे । यो क्षेत्रमा लागेपछि जातीयको बारेमा अलि थाहा भयो ।

प्रश्नः हजुर ।

उत्तरः अनि त्यो क्रममा चाहिँ मलाई के रे यो मझीनी त्योभन्दा पनि कामको सिलसिलामा भन्दापनि जुन यो समाज छ नि हाम्रो, यो समाजमा चाहिँ माझी भनेर हेप्ने चलन के ।

प्रश्नः हजुर ।

उत्तरः कामको सिलसिलामा भन्दापनि माझी भनेर चाहिँ यो समाजमा मेरो बुवाहरु पनि हेपिएको हो के चितवनमा पनि । चितवनमा पनि हेपिएको हो अनि मेरो बुवा वास्तवमा पहाडबाट तराई किन झर्नु भयो भन्दाखेरी, मेरो बुवाको सबै सम्पति चाहिँ त्यहाँको बाहुनहरुले लिई दिएर बुवा त एकदम एउटा अंखरा मात्रै लिएर चितवन जानु भएको हो नि त । मेरो बुवाको जग्गाजमिनहरु त्यो धेरै, त्यस्तो भएर बसेको तर बाहुनहरुले चाहिँ केही खानेकुराहरु ल्याइदिने अनि मेरो हजुरबुवाले चाहिँ ल यति जग्गा फलानालाई भनेर दिने, दिँदा दिँदा फकाएर उनीहरुले लिँदा लिदा मेरो बुवा त रित्तै हात जानु भएको हो नि त चितवन । भनेपछि यो चाहिँ एउटा माझी भएकै कारणले गर्दा माथिल्लो एउटा समुदाय क्षेत्रीबाहुन विशेष भनम न गैरजनजातिहरुले चाहिँ त्यसरी सबै जग्गाजमिनहरु लिइदिएर बुवालाई सुकुम्बासी बनाएर गएपछि त यो त एकदम बुवाहरुबाट पछि थाहा पाएको मैले । यो त माझी भएकै कारणले त्यस्तो हेपेको हो नि त नत्र अरुहरुलाई पनि हुन सक्थ्यो होला, अरुलाई भएन । दुःखको कुरा, अहिले पनि मेरो पालाको कुरा के गर्ने र अहिले पनि गाउँठाउँमा जादाखेरी तपाईंको माझीहरु लाई के भन्छ, बलौटे, गोत्ले । यस्तो अब माझीहरुलाई एस्तो शब्दले अहिले पनि म जिल्लामा जादाखेरी दिदी यस्तै हजुरले सोध्नु भएको जस्तै मैले प्रश्न सोध्छु, तपाईहरुलाई यस्तो के छ भन्दाखेरी हामीलाई त कत्ले भन्छ, बलौति भन्छ । गाउँमा कसैको नराम्रो बच्चा जन्मियो भने, छ्या यो त मझीनी जस्तो बच्चा जन्माएछ भन्ने के । अब मझीनी चाहिँ नराम्रै हुन्छ भन्ने के । अब तिनीहरूको हेर्ने दृष्टि नै हामी नराम्रो के । राम्री नै भए पनि नराम्रो । अनि कसैको राम्रो माझी छोरी जन्मियो भने ओहो यो त क्षेत्रीबाहुन जस्तो नाक पनि सुर्लुक्क कस्तो राम्रो अब हाम्रो चाहिँ नाकचुच्चै हुनुपर्ने । अब हाम्रो त समुदायकै होनि त नाक थेप्चो हुनुपर्ने त, आँखा चिम्सो हुने, नाक थेप्चो हुने यो हाम्रो त वंशालु पुर्खा देखि लिएर समुदाय कै हो । क्षेत्री बाहुनको नाक थेप्चो भयो

भने सुहाउछ त, सुहाउदैन नि । अब हाम्रो पनि नाक चुच्चो भयो भने हामीलाई सुहाउँदैन हामीलाई थेप्चै सुहाउछ । त्यस्तो खालको शारीरिक बनावटको हिसाबले पनि हेप्ने । अब त्यो बनौते, कत्ले भनेर कत्ले माछा हुन्छ नि माछा मार्ने भएर कत्ले भन्या हो के । यो त पेशाको हिसाबले हेपे के, गरिबी त आफ्नो ठाउँमा छँदैछ । त्यो माछै मारेपनि, क्षेत्री बाहुनले माछै मारे पनि हामीले उनीहरुलाई त्यस्तो भन्न सुहाउछ त । त्यही भएर जाती विभेद पनि एकदम चरण छ । यसको पनि अन्त्य हुनुपर्छ । हजुरहरुले जस्तो यी कुराहरु उठाउनु भएकोमा एकदम खुसी लागेको छ ।

प्रश्नः हुन्छ, दिदी मैले त अब हजुर महिला संघ अव आदिवासी जनजाति महिलामा सङ्घको अध्यक्षकै रुपमा हुनुहुन्छ । हजुरले चाहिँ मतलब अब कति कालखण्ड सम्म गरिरहनुभएको छ हजुर, अहिले कति वर्ष भयो ?

उत्तरः अहिले यो जनजाति महिला माहासंघमा म चाहिँ मैले कहाँ कहाँ के के गरे भनेर म भन्छु है । सबभन्दा पहिला माझी महिला गठन गरे पछि म माझी महिलाको महासचिव भए । त्यसपछि ६ महिनाभित्र अधिवेशन गराएर म तिन कार्यकाल माझी महिलाको अध्यक्ष भए । अनि माझी उत्थान संघ अहिले पनि म उपादक्ष्य छु । नेपाल माझी उत्थान संघमा त्यहाँ पनि अहिले म उपादक्ष्य छु । अनि तीन कार्यकाल पछाडि माझी महिला संघबाट हान्डओभर गरियो अनि त्यति राम्रोसँग व्यवस्थित गरेर अनि अहिले अरु हुनुहुन्छ दाईहरु । अनि त्यस पछाडि मैले एक कार्यकाल सचिव पदमा नेपाल आदिवासी जनजाति महासंघमा कार्यकाल यो भन्दा ठ्याक्क अगाडि सचिव पद यो कार्यकाल त्यहाँ बिताए, तिन तिन वर्षको कार्यकाल हुन्छ । अनि त्यसपछाडि अहिले म महिलामा महासंघमा अध्यक्ष छु । यो भन्दा अगाडि म चाहिँ एक कार्यकाल सचिव भइसकेको थिएँ । सचिव भएकै बेलामा हो मलाई आर्मीले त्यसरी किडन्याप गरेर लगेको । एक कार्यकाल सचिव पद महिलामा महासंघमा म पहिला पनि भइसकेको हो अहिले एक कार्यकाल यो अध्यक्ष छु । अहिलेको कार्यकाल पनि सकिसकेको छ । यो लकडाउनले गर्दा हो नत्र हाम्रो अधिवेशन भइसक्थ्यो, त्यो भयो । अनि मैले दुई कार्यकाल रेडक्रसमा कोसादक्ष पदको चाहिँ एउटा जिम्मेवारी पद निर्वाह गरे रेडक्रसमा । अनि त्यसपछाडि अहिले यो महिला महासंघकै कार्यकालमा यो संकल्प भन्ने हाम्रो जुन लिली थापा अध्यक्ष हुनुहुन्छ, त्यहाँ एक कार्यकाल बोर्ड मेम्बरको सदस्य भएर गए र अहिले हामीले फेरी यो २ वर्ष भयो गठन भएको एसियाको एउटा महिला नेटवर्क गठन गरेको छ, यो च्याङबाइमा छ अफिस, फोर इन्डिजिनियस वुमन इन एसिया भन्ने यसको चाहिँ म अध्यक्ष छु । अनि यो साउथ एसियाको पिपल पर्सन पनि छु । मैले यति पदमा रहेर अहिले विभिन्न ठाउँमा विभिन्न पदमा रहेर आफ्नो जिम्मेवारी भूमिका निभाको छु जस्तो लाग्छ ।

प्रश्नः हजुरले यो अब धेरै पदमा बसेर काम गरिसक्नुभएको रहेछ । कस्ता-कस्ता जनजातिको मुद्दालाई अगाडि बढाउनुभयो अनि अहिले समस्या कस्तो छ । अनि अहिले चाहिँ अब हुन्छ नि सरकारसँग समन्वय गरेर कस्ता-कस्ता मुद्धाहरु अगाडि बढिरहेका छन् अनि कति काम गर्नुभयो त्यसको बारेमा पनि विस्तृत रुपमा हामीलाई जानकारी दिनुस् न ?

उत्तरः अहिले हामीले उठाको मुख्य मुद्दाहरू चाहिँ, पहिला आदिवासीहरूले आदिवासी महासंघ सुरुमा आदिवासीको आन्दोलन के मा थियो भन्दाखेरी भाषा, धर्म, संस्कार, संस्कृति बचाउनु पर्छ भनेर आन्दोलन

उठायो । भाषा, धर्म, संस्कार, संस्कृति बचाउनुपर्छ भन्ने कुरामा सबै जनजातिहरुले कुरा उठाउदा सबै जना आ-आफ्नो त्यस विषयमा चाहिँ सचेत भयो ।

प्रश्नः हजुर ।

उत्तरः आफ्नो भाषामा सचेत भए अनि भाषामा अलिकति बढी कुराहरु उठ्छ नि होइन । अनि त्यसपछि आफ्नो संस्कार संस्कृति हाम्रो यो रहेछ भनेर बुझ्न थाले र त्यसलाई बढी मान्न थाले । अहिले दशै हाम्रो होइन रहेछ, तिहार हाम्रो होइन रहेछ, हाम्रो धर्म छुट्टै रहेछ भनेर अहिलेचाहिँ जनजातिहरुले फरक तरिकाले आफ्नो चाहिँ त्यसलाई अहिले मान्दै आउन थालेको छ, अहिले केही समयदेखि । अनि त्यो भयो अनि त्यसपछाडि त्यति भइरहँदा खेरि आदिवासीहरुमा एउटा यो खालको चेतना चाहिँ आयो,  आदिवासीको मूल नियमले भाषा, धर्म, संस्कार, संस्कृति, बचाउनुपर्छ र यो हाम्रो हो र राज्यले हिन्दूधर्मलाई मात्रै,  हिन्दू धर्म हाम्रो होइन र हामीलाई हिन्दु धर्म मान्न बाध्य बनाइएको रहेछ राज्यले भनेर चाहिँ यो खालको चेतना आयो आदिवासीमा । त्यस पछाडि अर्को खालको चेतना चाहि आएन ।  किन आएन भन्दाखेरि आदिवासीको परम्परागत संस्था कानुन छुट्टै, आदिबासीको भूमि छुट्टै रहेछ अनि आदिवासी भनेर त भन्यो भनेता पनि हाम्रो पहिचान नै छुट्टै खालको रहेछ भन्ने चेतना त आएन । फेरी पछि यसलाई निरन्तरता अघि बढिरहँदा खेरी आदिवासीहरुले , समग्र आदिवासी को कुरा गरम यसमा उठाई राखेको कुरा आदिवासीहरूको पहिचानसहितको अधिकार भनेको चाहिँ  म माझी हो मैले मेरो माछा मार्ने पेशामा सरकारले कुनै त्यस्तो खालको अन्याय गर्छ त्यो उलंगन गर्छ भने मैले मेरो अधिकार पाउनुपर्छ । यो चाहिँ माझीको जन्मसिद्ध अधिकार हो, माझीको अधिकार हो भन्ने कुरा चाहिँ पाउनुपर्छ भनेर यो खालको एउटा कुरा उठ्यो । आदिवासीहरूको भूमिअधिकार, आदिवासीको छुट्टै भूमि हुन्छ नि त मैले भने अघि ।

प्रश्नः हजुर ।

उत्तरः मैले अघि पनि भने भूमिको कुरा गरे, अहिले माझीको मात्रै कुरा गरे । अहिलेको समयमा कुरा गर्नुपर्दा आदिवासीको छुट्टै भूमि हुन्छ । यो आदिवासीको भूमि चाहिँ सरकारले खोस्यो । त्यो भूमिको लागि फेरि अहिले हाम्रो लडाई छ । आदिवासीहरूको भूमिअधिकार, आदिवासीहरूको चाहिँ त्यो प्राकृतिक स्रोत साधन माथिको अधिकार, त्यो प्राप्त हुनुपर्छ । त्यस्तो चेपाङले भूमि टिप्न जाँदा चेपाङ किन कुएर किन मारिन्छ । किनभने तपाईंको चाहिँ भूमि, माछा मार्ने, त्यो जङ्गलको निगरो टिप्ने, सागसब्जी टिपेर खाने ,जंगलको चाहिँ भोर्लाको पातहरूको चही बनाएर नाङ्लो, दाम्लो बेच्ने, बासवाट डोको बुन्ने चोया बुन्ने यस्तो सबै आदिवासीहरूको सीप हो नि त । यो चाहिँ सरकारले त्यो ठाउँलाई नै त्यो पाउने ठाउँ भनेको भूमि त्यो चाहिँ अब सरकारले निकुञ्ज बनाउने के बनाउने भनेर आदिवासीहरुलाई त्यहाँबाट बञ्चित गरिएको छ । अनि त्यसले गर्दाखेरि आदिवासीको भूमिअधिकार, आदिवासीको प्राकृतिक स्रोत साधन माथिको अधिकार, आदिवासीको पहिचान सहितको राजनीतिक अधिकार अनि आदिवासी महिलाहरूको फेरि हरेक ठाउँमा चाहिँ  पहिचानसहितको प्रतिनिधित्वको सुनिश्चित उनी यो सबै कुराहरुलाई चाहिँ हामीले एकमुष्ट उठाइरहेका छौं । हामी आदिबासीको परम्परागत यो संस्थालाई मान्यता दिनुपर्ने, नेपालको कानुन सरह मान्यता दिनुपर्ने यो कुराहरु हामी उठाउदै आईरहेका छौं ।

प्रश्नः हजुर दिदि, अनी दिदिले अब अलिकति अगाडि पनि भन्नु भाको थियो है । तपाईलाई माझी भाषा बोल्न आउँछ त दिदी ?

उत्तरः अ माझी (हा हा हा) भाषा चाहिँ ठ्याक्कै बुझ्न त बुझ्छु, अब भने नि माझी कम्युनिटीमा मेरो बसोबास नै भएन, चितवनमा भयो । अब बिहा गरेर सिन्धुपाल्चोकमा आए । सिन्धुपाल्चोकमा २(३ ओटा गाउँमा मात्रै माझी भाषा बोल्छ । अब जुन ठाउँमा मेरो विवाह भयो मेलम्चीमा, मेरो त्यहाँ माझी भाषा बोल्दैन । अहिले माझी भाषाको अवस्था चाहिँ, अवस्थाको कुरा गरौं । माझी भाषाको अवस्था अहिले एकदम लोप हुने अवस्थामा छ । रामेछापमा बोल्छ त्यसपछि सिन्धुपाल्चोकको दुइटा तिनटा गाउँमा बोल्छ अनि काभ्रेमा यतिमा बोल्छ । अन्त चाही माझी भाषाको अवशेष शब्दहरु छ उनीहरुले शब्द चाहिँ प्रयोग गर्छ तर यो माझी भाषाको शब्द भन्ने चाहिँ थाहा छैन के । जुन अहिले माझीहरु चाहिँ विस्थापित भएर अरु ठाउँमा गएँ नि उनीहरूको सन्तानहरु मा चाहिँ त्यो शब्दहरु चाहिँ रह्यो । माझी भाषा भन्ने पनि ज्ञान छैन तर भाषाको रूपमा पनि प्रयोग हुँदैन । त्यसले गर्दाखेरि हामीले यो ५८ सालको जनगणनामा के एउटा अभियान चलाएको थियो भने नेपाल माझी महिला संघले, हाम्रो माझी भाषा हुँदोरहेछ यसलाई बचाउनु पर्दो रहेछ र जनगणक आउँदा खेरि चाहिँ हामीले त्यहाँ आउँछ निके भाषा बोल्छ भनेर, नेपाली भनेर लेख्नुपर्ने हुन्छ, हामीले चाहिँ त्यो नेपाली नभनिकन माझी भाषा भनेर लेख्नुपर्छ उनीहरुलाई भन्नु पर्छ भनेर हामीले २० वटा जिल्लामा हामीले त्यो अभियान चलायौ । त्यसले गर्दाखेरि यो जनगणनाको रिपोर्टमा चाहिँ लगभग ५८ जिल्लामा माझीजो बसोबास छ , २४ जिल्लामा माझी भाषा बोल्छ । हामीले २० वटा जिल्लामा अभियान चलाएका थियौ अनि २४ जिल्लामा माझी भाषा बोल्छ लगभग २४,००० समथिन कति छ त्यतिले चाहिँ माझी भाषा बोल्छ भनेर आएको छ । त्योचाहिँ अभियान चलाएको भएर नबोल्नेले पनि माझी भाषा बोल्छ भनेर यतिचाहिँ माझिको भाषा छ भनेर आएको छ तर वास्तवमा त्यो होइन फेरि । अनि हामीले चाहिँ भाषा जोगाउनको लागि भाषाको अभियान चलाएका थियौ । आयो चाहि त्यसरी भएर रिपोर्टमा । अब अहिले माझी भाषा भनेको एकदम लोपको अवस्थामा छ । त्यसले गर्दाखेरि अब मलाई त झन माझीको बसोबास भएको ठाउँनै परेन । त्यसले गर्दा मलाई खासै भन्नु पर्दा खेरी माझी भाषा बोल्नै चाहिँ आउँदैन, बुझ्न चाहीँ बुझ्छु म ।

प्रश्नः अनि हजुरहरूको माझी समुदायमा चाहिँ यस्तो यो कलाहरु केही छ, केही कला संस्कृतिहरु के कस्ता छन अनि सङ्गीतहरू कस्तो बाध्य बाजन ,नाचहरु कस्तो-कस्तो छ त्यसको बारे पनि भनिदिनु न ?

उत्तरः यसमा चाहिँ कस्तो छ भन्दाखेरी अहिले माझिको यो संस्कार विशेषगरी बिहा वर्तमानको कुरा होइन मृत्युसंस्कार चाहिँ हाम्रो एकदमै फरक छ, कसैसँग पनि मिल्दैन । हाम्रो चाहिँ अब दशैं पछाडि मृत्यु भयो भने तिहारमा, तिहार पछाडि चाहिँ मृत्यु भयो भने दशैंमा चाहिँ हाम्रो मृत्यु संस्कार हुन्छ । बाध्य बाजन त्यहाँ निर आउँछ अनि त्यो मृत्यु संस्कारमा चाहिँ हाम्रो सात दिन सम्म हुन्छ । त्यसमा चाहिँ हाम्रो पितृ कार्य हो त्यो चाहिँ, त्यो पितृ कार्यमा चाहिँ अब माझीको भन्नाले यो केही यो संस्कार संस्कृति चाहिँ लिखित छैन है, हाम्रो फेरि मौखित हो सबै । बुडापाखाले जे भन्दै आयो, त्यही गर्दै आउँछ अब अहिलेको युवाहरुले यो झन् छोड्न पनि थालिसक्यो । एकदमै यो लोप हुने अवस्थामा छ । एकदम अब छिन्नै आँटेको अवस्था छ । दुःख लाग्दो कुरा तपाईले कस्तो गम्भीर प्रश्न उठाउनुभयो । मलाई यही बिषयमा बेलाबेलामा मन एकदम खड्किन्छ ।

प्रश्नः हजुर ।

उत्तरः अनि त्यो सात दिनसम्म हाम्रो मृत्युसंस्कार हुँदाखेरि चाहिँ त्यतिबेला हामीलाई चाहिने आवश्यक अब बाध्य बाधनको कुरा गर्नु भयो, ढोल, मादल र झ्याली यो तीनटा चिज हुन्छ । यो तीनटा चिज बजाएरै हामीले पितृलाई बोलाउने पाल्ने र बिदाइ गर्ने सम्ममा यो हुन्छ । हाम्रो बाजाहर मा चाहिँ त्यो हुन्छ । अनि सात दिनसम्म हुन्छ पितृकार्य सबै हाम्रो त्योचाहिँ आफ्नै विधिबाट हुन्छ । अब त्यो त्यस्तो छ, त्यसमा फेरि भेषभूषाको कुरा पनि आउला । माझीको भेषभुषा पनि छ, कालो चोलो लगाउँछन् , छोटो घुँडाभन्दा माथि गुन्यो लगाउँछन् अनि टक्क पटुका बाँध्छन् । अनि ढुंग्री, गुलाकी, माडबाडी गहनाहरूमा त्यो हो विशेष अज धेरै चाँदीको प्रयोग गर्छन् । चाँदीको चाहिँ त्यो पहिला पहिला मुन हालेको सानो सानो चाँदीको ममीको मैले देखेको हिँडे जस्तो भाको भए त्यो कस्तो राति मैले थाहा पाउँदाखेरी मेरो ममीले त्यो ४० रुपयाँमा बेच्नु भयो । अहिले त्यो कस्तो चिज हुँदो रहेछ, अहिले त्यसको उ पनि देखिँदैन, कतै पनि देखिँदैन । गंगामाया दिदीले लगाउनुभएको देख्छु एकजना नत्र मैले कतै त्यो गहनाहरु को डिजाइन नै देख्दिन । भनेपछि त्यो पुरानो पुरानो गहनाहरू चै ममीले लगाएको देखेको हो मैले ।

प्रश्नः त्यो गहनाहरु बन्ने, त्यस्तो पनि लोप हुन लागिसक्यो कि कस्तो छ ?

उत्तरः ठ्याक्कै त्यो त लोप नै भइसक्यो । अब अहिले आदिवासीको अभियानले गर्दाखेरि सबै जातजातिले चाहिँ आफ्नो भेषभुषा, आफ्नो गहनाको चाहिँ खोजी गर्न थालेर जोगाउन थाल्नु भएको छ । कति चाहिँ अब मोर्डन बनाउन थाल्या छन्  गल्ती त्यही भइरहेको छ । कति आफ्नो भेषभूषालाई पनि अहिले डिजाइन बनाउन थालेका छन् । त्यो केही न केही युवाहरुले नयाँ केही परिवर्तन गरिहाल्छन् । त्यो वास्तविक कुरा नभएर त्यो चाहिँ गलत हो त्यो कसैले पनि गर्नु हुँदैन भनेर भन्छु म । त्यस्तो थियो मेरो ममीहरूको पालासम्म, मैले देख्थे । त्यस पछाडि अहिले त त्यही हो, माझीहरु लगाउने त्यहै नै हो । पुरुषहरुले चाहिँ इस्टकोट लगाउने अनि पछाड बिशेष माझीहरु त जहिले पनि खोलामा माछा मार्ने भएको हुनाले, अहिले पनि तपाइको गाउँमा जानुभयो भने माझीहरुलाई इस्टकोट अनि त्यो तुना लगाउने भोटो र पछाडमै पाउनुहुन्छ । अहिले पनि तपाईंले जिल्लामा जानुभयो भने, माझी बस्ती मात्र भाको ठाउँको माझीमा जानुभयो भने त्यही भेषभुषा पाउनुहुन्छ तपाईंले अहिले पनि ।

प्रश्नः हजुर दिदी, धेरै धेरै धन्यवाद दिदीलाई । दिदीलाई अझै केही भन्न मन छ ?

उत्तरः अझै कुराहरु त अब कति धेरै थियो मैले सबै राख्न अलिकति यहाँ निर सम्झनामा भएन । २०( २२ वर्षको यात्रामा त अब थुप्रै भनम न तपाईंको विभेदको कुरामा अघि छुटेको कुरा ।

प्रश्नः हजुर ।

उत्तरः माझी महिला अलिकति अगाडि बढ्यो भने अरुले त अब बडी यसको राजनीतिक हस्तक्षेप बढी हुने । अहिले यो संस्कार संस्कृतिको कुरा गर्छन् हामी, प्रथाजनित कानुनको कुरा गर्छौ तर अहिले यसलाई बाहिर ल्याउनुको सट्टा हाम्रो माझी समुदायबाट नै पनि यो बढी राजनीति मा चाहिँ आस्था भाको व्यक्तिहरूबाट यो कुरालाई चाहिँ अलिकति अगाडि बढाउन नचाहेको छ ।

प्रश्नः दिदीको आवाज अलि काटी काटी आइरहेको छ एकचोटि फेरि भन्दिनु न ?

उत्तरः माझी महिलाहरूको समस्या एउटा प्रतिनिधि को विषयमा होस् , जुनसुकै काममा कुराहरुमा पनि अलिकति अगाडि बढ्ने विषयमा होस् । माझी महिलाहरुलाई अगाडी बढ्नलाई अझैपनि हाम्रो पुरुषहरूबाट

पनि हस्तक्षेप छ । माफ्री पुरुषबाट पनि हस्तक्षेप छ सबैभन्दा बढी  त अहिले यो राजनीतिक हस्तक्षेप बढी छ । राजनीतिक हस्तक्षेपले गर्दाखेरि माफ्री महिलाहरुमा राजनीति यो चीज छैन अनि उनीहरुलाई कतै अगाडि बढाई हाल्नु पर्यो भने पनि त्यहाँ निर खुट्टा तान्ने काम भैहाल्छ । त्यो एउटा एकदमै दुख लाग्दो गम्भीर कुरा छ । यो कुराहरुलाई पनि अब कसरी अगाडि बढाउन सक्छ सचेतनाको कुराहरु, माफ्री महिलाहरूमा लानु पर्ने कुराहरु, थुप्रै कुराहरू छन् । अहिले माफ्री महिलालाई अगाडि बनाउनको लागि संस्थागत रुपमा नै अगाडि बढाउनुपर्ने हुन्छ, व्यक्तिगतमा त सम्भावना धेरै कम हुन्छ । त्यसको लागि पर्याप्त मात्रामा स्रोतसाधनको पनि आवश्यकता पर्ने हुन्छ, जुन शक्तिको आवश्यकता पर्ने हुन्छ । पढेलेखेका महिलाहरु पनि छन् दुईचारजना जुन जागिरमा व्यस्त छन्  । उहाँहरुलाई यो क्षेत्रमा ल्याउन फेरि एकदम गाह्रो छ । यो क्षेत्र भनेको टोटली फेरि भोलेन्टियरी हिड्नु पर्ने हुन्छ । म यतिको वर्ष हिँडे मैले अघि भनें मैले कहिले पनि जिन्दगीमा आफूले चाहेको खान दुई पैसा कमाइन । तर मलाई परिवारको सपोर्ट, सहयोग भएरै म यसरी भोलेन्टियरी काम गर्नलाई काम गरेर हिँड्नलाई सफल भएको हो नत्र भने त हामी यती जति पनि हिँड्यौ, हामी कुनै एनजीओबाट तलब खाएर पनि हिड्दैनौ । यो छ अहिले महिला महासंघमा म अध्यक्ष छु, महिला महासङ्घको प्रोग्रामहरु छ । केही संस्थाहरुले सहयोग गर्नुभएको छ । तर हामी ११ जना सचिव छन् हामी सबै भोलेन्टियरी हिड्ने हो । हामीले, हाम्रो विधान दिदैन ।  हामीले त्यहाँबाट कुनै त्यो तलबहरु लिएर हामीलाई काम गर्न दिँदैन भनेपछि सबैलाई यसरी भोलेन्टियरी काम गरेर हिँड्नलाई एक महिना दुई महिना होइन वर्षौंवर्ष त्यो गाह्रो हुन्छ ।

प्रश्नः हजुर ।

उत्तरः एउटा आर्थिक हिसाबले यसरी हिड्नलाई गाह्रो हुन्छ । मान्छेलाई दैनिक जीवन चलाउन कति समस्या हुन्छ । सधैंभरी ल यो समुदायको म उत्थान गर्छु, यो समुदायमा म केही परिवर्तन ल्याउँछु भनेर लामो समयसम्म हिड्नलाई एकदम धेरै गाह्रो हुन्छ सक्दैन पनि मान्छेले । तर अधिकारको लागि चाहिँ सबै समयमा भए पनि केही आफूले काम गरेर बचेको समय कतै फुर्सतको समय चाहिँ यो सामाजिक क्षेत्रमा पनि दिनुपर्छ भन्ने म चाहिँ सबै महिलाहरुलाई, यो माफ्री महिला मात्रै होइन सबै आदिबासी महिलाहरुलाई लगायत सबै महिलाहरुलाई पनि आफ्नो अधिकारको लागि केही समय खर्च गर्नुपर्छ भन्नेचाहिँ मलाई त्यो लाग्छ ।

प्रश्नः हजुर दिदी, अनि दिदी मैले अब कुरा गर्दै जाँदा खेरी अलि प्रश्नहरु पनि आउने । मैले चाहिँ के सोध्न चाहे भन्दाखेरि चाहिँ हजुर जुन बेलाचाहिँ बच्चा भर्खर जन्मिएको थियो भन्नुभयो नि त्यो बेलामा पनि हजुर चाहिँ संस्थामा जानुभयो अब त्यसको लागि काम गर्नुभयो भनेर भन्नुभयो नि त ।

उत्तरः हजुर ।

प्रश्नः त्यो महिला भैकन चाहिँ अगाडि बढ्न, महिलाका अब यस्तो हुन्छ नि अरु कामहरुले चाहिँ तपाईलाई बाधा पुर्यायो कि पुर्याएन ? त्यसलाई बाधाको रुपमा लिनु भयो कि लिनु भएन, कसरी लिनुभयो ?

उत्तरः मलाई त्यस्तो खालको बाधा त भएन । मलाई त अब मैले मेरो बच्चा टोटल मेरो सासु ममीले हेर्नुभयो । मलाई मेरो हसबेन्डबाट फुल सपोर्टमा हुन्छ यस्तो कार्यको लागि जहिल्यै पनि । उहाँ पनि सामाजिक क्षेत्रमा एकदमै सहयोगी स्वभावको उहाँको भावना त्यस्तो छ । परिवारिक सपोर्ट नभइकन त मान्छेलाई झन् धेरै गाह्रो हुन्छ । आर्थिक मात्रै होईन, आर्थिक भएर मात्रै पनि हुँदैन मन पनि हुनुपर्यो

त्यहाँ गर्ने आफ्नो लगनशीलता पनि हुनुपर्यो । थप,  पहिला त अब आफु बाच्नु पर्छ । भरै आएर मैले आजै कमाएर मलाई आजै खान छैन भने म यो क्षेत्रमा हिँडेर त म बाच्न सक्दिन । तर मलाई बाँच्नको लागि पारिवारिक सपोर्ट छ । त्यस्तो खालको व्यक्तिगत समस्या चाहिँ अहिलेसम्म पाएको छैन तर अब अगाडि नेतृत्व गर्ने क्रममा चाहिँ खुट्टा तानातान त भइहाल्छ ।

प्रश्नः नेतृत्व गर्ने क्रममा चाहिं तपाइको खुट्टा तानातान भयो । कसरी, कस्ता-कस्ता घटना मतलब भए त्यस्ता ?

उत्तरः त्यस्तो अब एस्तो हुन्छ हजुर । अब अहिले म यो जुन महिला महासंघमा अहिले अध्यक्ष छु, यो बेलामा चुनावको बेलामा माझी महिला संघले अब अहिले माझी महिला सङ्घको अध्यक्ष हाम्रो माननीय सभासद हुनुहुन्छ रीता माझी । अब तपाईँको विचार के छ भनेर उहाँले नोमिनेसन लिन्छु भनेर केहि हाम्रो आन्दोलनकै अग्रणी हाम्रो दिदीहरु हुनुहुन्छ उहाँले चिनिमाया अब तिमी यसपाली उठन त भनेपछि ल म नोमिनेसन गर्नुपर्छ संस्थाले । नोमिनेसन पनि दिनुभो भन्दाखेरी ल म उठ्ने पनि भए यस्तो उठिरहँदा खेरी अब मलाई थाहा थिएन यो भन्दा अगाडी नै एकजना मेरो साथी अब त्यसपछाडि त हामी त्यहाँ सहकार्य गरेर मिलेर आयौ । केहि छैन, उहाँ पहिला नै उम्मेदवारी उठिसक्नु भएको रहेछ मलाई थाहा भएन र मैले जस्ट एक हप्ता अगाडी मात्रै प्रस्ताव आयो मलाई उठ भनेर । अब हुन्छ त ठिकै छ भने। सबैले अब तपाईहरुले चाहनुहुन्छ भने म एकचोटी रित्तो गरेर हेर्छु भने । भन्दाखेरी, त्यहाँनिर एकदम यतिसम्मकी एकदमै राजनीति भयो हेर्नुस । यतिसम्मकी अब म त कुनै पनि पार्टीमा, राजनीतिक दलमा मेरो आस्था कस्तो भन्दा खेरि पार्टीभन्दा पनि व्यक्ति को राम्रो छ उ मान्छे आउनुपर्छ भन्ने हो मेरो राजनीतिक दलको हिसाबमा पार्टीको हिसाबमा । जो राज्यलाई राम्रो नेतृत्व आवश्यक पर्छ र राम्रो मान्छे आउनुपर्छ राम्रो मान्छे लाई भोट दिनुपर्छ भन्ने मेरो मान्यता हो र त्यही भएर मलाई राजनीतिक दलहरुमा कुरामा मेरो खास डिपली मन त्यो पार्टी यो कुराले मन छुदैन । म सबैलाई समान देख्छु, सबैलाई बराबर देख्छु । कुनै त्यस्तो यो राम्रो यो नराम्रो भन्ने मान्छेले भन्छ के कांग्रेस राम्रो एमाले नराम्रो , एमाले राम्रो माओवादी नराम्रो भन्छ मलाई मनमा त्यस्तो आउँदैन मलाई चाहिँ । त्यो भएको हुनाले म त्यतिबेला उठ्दाखेरी भयंकर पोलिटिक्स भयो दुखको कुरा हो तर पछि हामी, मलाई त्यहाँ उठ्नमा नदिनलाई धेरै ठूलो चलखेलहरु भए । त्यसको बाबजूद पनि पछि आएर अब यो हाम्रो भोटिङ सिस्टम कस्तो हुन्छ भन्दाखेरि फेरि हामी आदिवासी महिला महासंघमा जुन यो ५९ सुचिकृत आदिवासीहरु छन् नि,  त्यसमध्ये अहिले ४३ भएको छ, म आउँदा ४१ थियो, ४३ वटा संस्था चाहिँ हामीसँग आबद्ध हुनुहुन्छ । अनि भोटिङ सिस्टममा चाहिँ हाम्रो त्यही दिनुपर्छ । ती जातीय संस्थाबाट एउटा जातीय संस्थाको एक भोट हुन्छ, यसरी हाम्रो चुनाव हुन्छ । त्यसो भैरहँदा खेरी अब यो जतिसुकै राजनीतिक भएपनि महिलाको जातीय संस्थाबाट चाहिँ प्रतिनिधि आउने भएको हुनाले महिलाको जातीय संस्थाहरुले चाहिँ यसबाट राजनीतिक हुनुहुँदैन । माथिबाट पोलिटिकल कुराहरु चाहिँ  आए, आउँदाखेरि यसमा चाहिँ मलाई हरेक हिसाबले एउटा म यो पार्टी भिउमा लागेर कुनै म त्यस्तो गरेर नहिड्ने हिसाबले सुरुदेखि नै महिला महासंघ स्थापना देखि नै लागि परेर हिँडेको हिसाबले, केही अनुभवको हिसाबले र एउटा स्वच्छ मनले नै यसमा लागिपरेको हिसाबले, तिमी ठिक छौ भन्ने हिसाबले सबैले सर्वसहमतिमै मलाई अध्यक्ष ल्याउनु भयो तर राजनीति चाहिँ एकदमै भाको थियो त्यो बेला रातारातै भएको थियो, त्यस्तो थियो ।

प्रश्नः हजुर दिदी ।

उत्तरः यसमा त कोइसन हरायो की क्या हो, हजुरको प्रश्नमा हराएर म त अर्कै उत्तर दिए कि क्या हो ?

प्रश्नः होइन दिदी ठिक छ । दिदि भोगाइहरु यो सबै अब राजनीति  मन नपर्नुको कारण चाहिं दिदीको पहिलाको भोगाइ, माओवादीसँग नराम्रो उ भएर पनि होला है ?

उत्तरः अब त्यो मलाई ठ्याक्कै राजनीति मन नपर्ने पनि भन्दिन, राजनीति बिना नेपालको त्यो कुनै उ केही पनि चल्दैन । पोलिटिक्स बाटै हो सबै चल्ने, राज्य सञ्चालन सबै चल्ने त्यो मन नपर्ने भनेको पनि होइन तर राजनीतिमा कस्तो छ भने एकदमै विभेद छ । पार्टीमा एकदम विभेद छ, हाम्रै पाटीमा पनि आदिवासी महिलाहरूको हरेक पार्टीमा चाहिँ आदिवासी महिलाको चाहिँ त्यहाँ प्रतिनिधि हुनुपर्छ भनेर उठाएका पनि छौ के त्यो कुराहरु । त्यो कुरालाई अब अलिकति अहिले राजनीतिक दलहरुमा केही परिवर्तन त भएको छ । राजनीतिक दलमा पनि आदिवासी भनेर डिमान्डहरु राखेछ, महिला भनेर राखेछ । चुनावमा पनि पहिलाको संविधानमा त राम्रो सितै प्रतिनिधि थियो तर अहिलेको मा चाहिँ छैन । भनेको मलाई त्यो ठ्याक्कै मन नपर्ने पनि होइन तर मलाई मन नपर्ने चाहिँ के हो भने  म एउटा राजनितीको प्रतिनिधि भएर गैसकेपछि मैले त्यहाँ बोल्न पाउनुपर्छ, मैले त्यहाँ कुरा उठाउन पाउनुपर्छ, म स्वतन्त्र हुन पाउनुपर्छ । मलाई मन नपर्ने कुरा त्यो हो, त्यहाँ त्यो हुँदैन । पार्टीको दबावमा हुनुपर्छ, तपाईंको म अहिले सभासद नै भएर गएपनि मैले पार्टीको वेभ भन्दा एक शब्द नाघेर मैले माथि अगाडि कुरा गरे भने त्यहाँ निर मलाई कारवाही भैहाल्छ । कारवाही भाको हाम्रै कति छन् , हजुरले अब देख्नु पनि भएको होला । तपाईंको अब शेरबहादुर तामाङ उहाँ कानून मन्त्री हुनुहुन्थ्यो, पछि त्यति एउटा बङ्गलादेशको नर्स डाक्टरहरूको कुरा उहाँले उठाउँदा तुरुन्तै उहाँको राजीनामा चाहिँ माग भयो । भनेपछि, त्यो आदिवासी भएकै कारण त्यहा त्यस्तो भएको हो नभए त पार्टीभित्र पनि नराम्रा काम गर्नेहरु त कति छन् कति छन् अरुलाई कारवाही हुँदैन । किन हुँदैन त, तपाइको यो राहात वितरण गर्ने बेला वडाअध्यक्ष बोराको बोरा चामल चाहि आफ्नो कोठा भित्र लान्छ, त्यस्तालाई कारबाही हुँदैन । भने यो कयौ कस्ता कस्ता कुराहरू हुन्छन् त्यस्तालाई कारबाही हुँदैन । ज्यानमारा जानेहरुलाई त्यहाँ बचाउ हुन्छ । केही नगर्नेलाई, गाई मार्नेलाई त्यहाँ कारबाही हुन्छ, ज्यान मार्नेलाई बचाउ हुन्छ । भनेपछि मलाई पार्टीको मन नपर्ने चाहिँ यस्तो कुराहरु हो के । काम लाउछ होइन अब काम लाग्छ सिधालाई लाग्छ, पार्टीको कार्यकर्तालाई काम नै लाग्दैन । कानुनले त सबैलाई बराबरले हेर्नु पर्यो नि । अब किन त्यो राम्रो कानुनलाई पनि विभेद गरेर प्रयोग गर्छन त । मलाई त्यो कुराहरुले एकदमै मन पर्दैन । अब तपाईंको अहिले भर्खर मैले अब नाम तोकेर भन्दिन उहाँलाई फेरि अप्ठ्यारो पर्ला, हिजो अस्ति भर्खर एउटा महिला सांसद, आदिवासी महिला महासंघ अन्तर्गतनै पर्नुहुन्छ उहाँ । उहाँले मलाई अस्ति अफिसमा भेट्न आउनुभयो, कति दुःखको कुरा गर्नुभयो । मैले उहाँलाई अलिकति हौसला पनि दिए । दिदी यस्तो यस्तो हुन्छ मलाई बोल्दा यस्तो यस्तो, मसँग धेरै यस्तो अहिले म यहाँ सभासद भएर आइसकेपछि  थाहा भयो कि यहाँ भित्र यस्तो रहेछ । यसलाई कसरी के गर्न सकिन्छ दिदी भनेर उहाँले मलाई सजेसन माग्नुभयो । अनि भनेपछि बोल्न पाइदैन, त्यहाँ गएर आफ्नो कुरा गर्न पाइदैन । त्यहाँ खाली सही गर्न मात्रै त किन जाने र गर्ने ठाउँमा किन सही गर्ने बरु गर्दै नगर्ने, बरु बाहिरै बस्ने आफ्नो कुरा उठाउने । पाइन्छ भने त्यहाँ गएर गर्छम । त्यस्तो खालको भएको हुनाले मलाई त्यो भित्रको कुराहरु मन नपर्ने हो । खास राजनीति मन नपर्ने भन्दापनि त्यहाँभित्र हुने विभेद मन नपर्ने हो । जतिपनि महिला राजनीतिक दलमा हुनुहुन्छ, महिला मन्त्री नै हुनुहुन्छ, तपाईंको महिला सभासद हुनुहुन्छ, के उहाँले स्वतन्त्र रुपमा आफ्नो कुरा राख्न पाउनु भा छ त । होइन, मनभित्र

छ उहाँलाई थाहा छ तर पनि उहाँहरु बोल्न सक्नुहुन्न किनभने आफ्नो पद खोसिएला भन्ने डर छ । पद जोगाउन अब यताको कुरा उठाउन नपाइने भयो, कुरा उठाउँदा पद जाने भो भनेपछि अब त्यस्तो धारमा बसेर के काम गर्ने र । मलाई मन नपर्ने कुरा चाहिँ त्यो हो ।

प्रश्नः महिलालाई अगाडि बढ्न हुन्छ नि मतलब आफ्नो आवाज उठाएर अगाडि बढ्न चाहिँ गारो छ भनेपछि राजनीतिमा  ठाउँ नदिने जस्तो तबर चाहिँ देखियो कि कसो ?

उत्तरः एकदम तपाइको अहिले स्थानीय स्थानमा दुईजना महिला अनिवार्य एकजना दलित महिला अनिवार्य छ नि । तपाईंको दलित महिलाले उठाएको कुरा त्यहाँ कतिसम्म सुनुवाई भएको छ, छ त सायद तपाईले पाउनुभएको छैन होला । हामीले त यस विषयमा कार्यक्रम पनि गर्यौं एउटा १३ एउटा जिल्लाहरूको वडा प्रतिनिधीहरु , गाउँपालिका नगरपालिकाको प्रतिनिधिहरुको ल्याएर हामीले काठमाडौंमा एक दिन कार्यक्रम गरेको थियौ । उहाँहरुसँग यस्तै कुराहरु हामीले बुझ्ने प्रयास गर्यौ । कतिको तपाईहरुले आफ्नो कुरा उठाउनु भएको छ, त्यहाँ कस्तो हुन्छ भन्दाखेरि  कहाँ हजुर त्यो, त्यो त हुँदै हुँदैन । अर्को कुरा उहाँहरुलाई के कुरा उठाउने भन्ने पनि थाहा छैन त्यहाँ गएर । उहाँहरु जाने सही गर्ने, कति कुराहरु पहिल्यै निर्णय भइसकेको हुन्छ अनी गएर सही गर्ने हो, कति कुरा उहाँहरुलाई थाहा नै हुँदैन ।  भनेपछि अब हाम्रो महिला जनप्रतिनिधिहरुलाई पनि यस्तो कुरामा चाहिँ अलिकति सचेतना कार्यक्रमहरु आवश्यक छ र त्यहाँ अब एउटा यो चाहिँ उपलब्धि मान्नुपर्छ हामीले हरेक ठाउँमा महिलाको प्रतिनिधिको सुनिश्चित हुनुपर्छ भन्ने उठाएकै कारणले गर्दा दुईजना महिला सुनिश्चित गरियो ।

प्रश्नः हजुर ।

उत्तरः तर उनीहरूको आवाज त्यहाँ उठ्न सक्दैन । एक त उठ्न सक्ने महिला त्यहाँ पुर्याउँदैन । तपाईंको चिनी मायालाई त्यहाँ पुर्यायोस न, म त कहाँ सोझै छोड्छु, त्यो कुरा त म उठाएरै छाड्छु  हेर्नुस । तर त्यहाँ चिनिमाया लाग्दैन किनभने ऊ कुरा उठाउँछ । त्यहाँ लाने भनेको कस्तो महिलालाई भने थपक्क लगेर एउटा चाहिं उभ्याउने मात्र हो के त्यस कारणले गर्दाखेरि पनि चाहेर पनि यो ठाउँमा विकास हुने कारण यो पनि हो के । अब त्यसैले गर्दाखेरि जहाँसुकै यो पुरुषको हावी छ सबै ठाउँमा, बोल्ने महिलालाई पनि बोल्न दिँदैन अब एक त उनीहरूको बहुमत पुग्दैन । कहिल्यै  स्टरङ आवाज उठाउन सक्नु हुन्न अनि दोस्रो उहाँहरुलाई दबाब हुन्छ समस्या चाहिँ त्यो छ । मलाई मन नपर्ने कुराहरु चाहीँ तिनै कुराहरु हुन् ।

प्रश्नः हजुर, जातीय साथसाथै हुन्छ नि अब महिला पुरुषको भेदभाव चारैतिरबाट महिलाले चाहिँ खेप्नु पर्ने देखिन्छ ?

उत्तरः महिलालाई एकदमै महिला भएको कारणले आदिवासी भएको कारणले झन भयो । आदिवासी भित्र पनि आफ्नै समुदायसँग पनि म पनि माझी भित्रै पनि एकदमै उ गर्नुपर्छ हेर्नुस । कतिले मलाई यहाँ केही गरेको छैन भन्छन् अब घर(घर धारा लान सकेको छैन मैले घर(घर कुलो लान सकेको छैन, घर(घर बत्ती बाल्न सकेको छैन मैले गाउँमा बत्ती सडक बाटो खन्न सकेको छैन किनभने त्यो मेरो क्षेत्र भित्र पर्दैन । म त एउटा सामाजिक क्षेत्रमा हिँड्ने मान्छे हो एउटा अधिकारको कुरा उठाउने मान्छे हो । त्यसकारण कतिपयले भन्छन् कि यसले के गर्यो र । चिनीमायाले के गर्यो र माथि माथि पुग्यो के गर्यो र भन्ने कुराहरु उठ्छन् । त्यसले गर्दाखेरि समस्या हामीले महिला भएकै कारणले एकदमै धेरै समुदायबाट खेप्नु पर्छ । म

चाही त्यो समस्यालाई समस्या भन्दा पनि सिक्ने एउटा अवसरको रुपमा लिन्छु मचाहिँ त्यसलाई । त्यस्तो भैराको रहेछ अब मैले चाहिँ यसो गर्नुपर्ने रहेछ भन्ने कुराहरुमा म त्यहाँ परेको कुराहरुले म आफूलाई केही परिवर्तन गराउँछु आफैंमा ।

प्रश्नः हजुर दिदी, महिलाको सहभागिता चाहिँ झन् बढ्न जरुरी देखिन्छ जस्तो लाग्यो मलाई चाहिँ राजनीतिमा झन बाहुल्यत अलि बढ्यो भने झन सजिलो होला होइन त दिदी ?

उत्तरः महिलाको त्यहाँ चाहिँ अब भनम न सहभागिता बढ्यो भनेपनि डिसिजन मेकिन्डमा तब त महिलाहरुलाई पुर्याउँदै पुर्याउँदैन किनभने राजनीतिक दलले त्यो महिलालाई टिकट दिएन भनेर भनुम भनेपनि ठाउमा दिएको छ । नदिएको होइन तर त्यो पर्याप्त होइन र जितेकोहरुले पनि महिलाको मात्रै हकमा, आदिवासीको हकमा कहाँ बोलेको हुन्छ र । उहाँहरुले भन्ने त राज्य, खाली राज्य वहाँले देखेकै राज्य हुन्छ के । तपाई हाम्रो चाहिँ अब कुनै समुदाय पछाडि छ उसलाई अगाडि ल्याउनुपर्छ, यो समुदायमा यो गर्नुपर्छ भन्ने उहाँहरुमा त्यो आउँदैन । मात्रै, अब राज्यको कुराहरु सोचेको हुन्छ । राज्यले सबैलाई एउटै दृष्टिले चाहिँ हेर्नु भएन । तपाईंको भनम न, तपाई एउटा कम्युनिटीको हुनुभयो, म एउटा माझी कम्युनिटीको भए । म त एउटा जनसङ्ख्याको हिसाबले पनि क्षेत्रिय हिसाबले भौगोलिक हिसाबले विकास हरेक हिसाबले  नै म पछाडि छु तर म तपाईसँग प्रतिस्पर्धा गर्न सक्दिन तर राज्यले तपाईंको ठाउँमा मलाई पुर्याउने त एउटा विशेष व्यवस्था गर्नुपर्यो नि ।

प्रश्नः हजुर ।

उत्तरः राज्यले त्यो गर्दैन यसकारणले गर्दाखेरि त्यो गराउन को लागी हामीले उठाको आवाज त्यो हो । सबैको समान विकास भयो भने राष्ट्रको विकास हुने हो समाज परिवर्तन, देश परिवर्तन हुने हो, राज्य परिवर्तन हुने हो । हामी सबैको समग्र विकास भए न राज्यको विकास हुन्छ । एउटा समुदाय चाहिँ एकदम तल छ, एउटा केही समुदायकै एकदम माथि राजनीतिक स्तरमा लगेर त्यो तल परेको समुदायमाथि सधैं राजनीति गर्ने त होइन नि । उसलाई पनि राज्यस्तरमा ल्याउनु पर्यो नि त ।

प्रश्नः हजुर दिदी ।

उत्तरः अनि पो देश को बिकाश हुन्छ । अनि पो समग्र समुदायको विकास हुन्छ ।

प्रश्नः हजुर दिदी, दिदीलाई अरु केही यसमा या हाम्रो अब अन्तिम अन्तिममा आउन थालिसक्योम हामीले । दिदीले धेरै समय दिनुभयो हामीलाई हजुरको व्यस्तताको कारण पनि । दिदीलाई अझै केही थप्न ,केही छुटेका कुराहरु केही भन्न मन छ भने भन्नु अनि साथीहरूको कोइसन पनि अलिअलि होला त्यो पनि सोधमला नि हुन्छ दिदी ?

उत्तरः हुन्छ कोइसन छन् छ भने मलाई सोध्नुस् म त्यसमा नै बढी केन्द्रित हुन्छु ।

प्रश्नः हुन्छ त्यसो भए म साथीहरूसँग सोध्छु है । साथीहरु कसैको कोइसन छ ?

साथी १ : मेरो एकदुईवटा कोइसन छ  दिदिलाई । आजको यो टक चाहिँ एकदमै रमाइलो लाग्यो है मलाई । मलाई पनि खासै यो माझी क्मयुनिटीहरुको बारेमा खासै थाहै थिएन अब धेरै कुराहरु सिक्न पाइयो आजको यो जीवन कथाहरु सुनेर । यो चाहिँ मलाई एकदमै रमाइलो लाग्यो अनि अब तपाईंले

भन्नु हुन्थ्यो नि हाम्रो कल्चर चाहिँ बचाउनुपर्छ, सबै अब हराउँदै गएको छ भनेर । तपाईंहरुले त्यस रिलेटेड केही कामहरू गर्नुभएको छ यो कल्चरहरु बचाउनको लागि अब अहिले त ल अब हामीले तपाईंसँग गफ गरेर धेरै थाहा पायौं । कसैले अब तपाईंहरूको कल्चरको बारेमा बुझ्न चाहन्छ भने भनेचाहिँ अब इन्टरनेटमै राखिदिनु भएको छ कि । अहिले त सबैले इन्टरनेट नै सजिलो हुन्छ नि त त्यस्तो केही कामहरु गर्नु भएको छ ?

उत्तरः हजुर, यो हामीले अहिले इन्टरनेटमा त्यो त राख्न सकेको छैन । सबभन्दा पहिला हामीले माथि उत्थान संघको अध्यक्ष उपाध्यक्षज्यूहरु मेरै घरमा बसेर अब मेरो घरमा अफिस थियो त्योबेला अहिलेचाहिँ बाहिर छ । हामी सधैं माझीको विषयमा छलफल गर्थेम अनि माथिको धर्म के हो भन्ने विषयमा हामीले छलफल चलायौ । माझीको धर्म चाहिँ यो प्राकृतिक पुजक, वन धर्म भनेर हामीले त्यो एउटा किटान गर्यौं माझीको भेला गरेर । अनि त्यसपछाडि अब हाम्रो पर्व के हो त, अब हाम्रो दशैं त होइन अनि जस्तै शेर्पाहरूको यिकजबच हुन्छ, तामाङहरूको त्यस्तै थारूहरूको हुन्छ भनेपछि माझीको के हुन्छ भनेर यसलाई पनि हामीले छलफल चलायौ । ल यो त पहिलादेखि त रहेछ, माझीको पर्व रहेछ तर पछि यो चाहिँ हिन्दू धर्म अब दशैं अनिवार्य मान्नुपर्ने, हिन्दू धर्म जनजातिहरुले पनि अनिवार्य मान्नुपर्ने भएपछि माझीले आफ्नो त्यो धर्म र त्यो पर्व चाहिँ छोड्दै गएछ । अनि यसलाई छलफल चलाउँदा चलाउँदा त अनि हामी के रहेछ भन्दाखेरी नदी पूजा रहेछ हाम्रो वर्षमा एकचोटि मनाउने नदी पूजा त्यसमा नि कोशीहरुमा । लदी भनेको चाहिँ माझी शब्द हो, त्यो वर्षको एकचोटि गर्ने यसलाई चाहिँ मान्दै गरेको रहेछ घर पर्व हो भनेर चाहिँ थाहा रहेन रहेछ माझीहरुलाई ।  अहिलेको पिढीलाई भनम न । पहिला त हाम्रो बाजे, बराजुहरुले गरेको तर विस्तापित भयो त्यसपछि थाहा नभएर त्यही ठाउँहरुमा चाहिँ त्यो गर्ने रहेछ । त्यो गर्ने भनेको सिन्धुपाल्चोकको २ ठाउँ, काभ्रेको २(३ ओटा गाउँ अनि विशेष रामेछापमा । यतिमा चाहिँ यो लदी पुजा मनाउँदो रहेछ । अनि यसको बारेमा खोज्दै जाँदा खेरी हाम्रो पर्व त त्यही रहेछ । त्यो रहेपछि अनि हामीले ल । अनि यो चाहिँ उनीहरुले एउटै समयमा न गर्दोरहेछ । उनीहरुलाई समय अनुकुल पर्ने त्यही समयमा गर्ने रहेछ विशेषगरी जेठदेखि असारसम्मको समयमा चाहिँ कसैले जेठमा कसैले असारमा गर्ने रहेछ । त्यसलाई पनि हामीले छलफल गरेम । अब पर्व भनिसकेपछि एउटै हुनुपर्यो, एउटै समयमा हुनुपर्यो । अब एक तयो तिनटा जिल्लामा मात्रै, यसलाई देशव्यापी कसरी बनाउने एउटा अनि यसलाई एक रुपमा कसरी ल्याउने भनेर हामीले तीन दिनसम्म छलफल चलायौ । तीनदिनसम्म छलफल चलाई सकेपछि अनि हामीले फागुनको तेस्रो मंगलवार, हरेक वर्षको फागुन महिनाको तेस्रो मंगलबार चाहिँ यो लदी पूजा हाम्रो पर्व हो र यसलाई देशव्यापीरुपमा एउटै समयमा मनाउनु पर्छ भनेर यसलाई हामीले देशभरिको भएसम्म सबै जिल्ला को माझीहरुलाई चाहिँ निमन्त्रणा गरेर सिन्धुलीको मरिन पहिलो वर्ष त्यहाँ गर्यौं लदि पुजा । यो काभ्रे, रामेछाप देखि पनि बोलायौ अनि त्यहीबाट पहिलो साल यो घोषणा गरेपछि दोस्रो वर्ष सुनसरीमा अनि तेस्रो वर्ष चाहिँ झापातिर गर्दै गर्दै आएर अहिले यो लदी पूजा चाहिँ हाम्रो पर्व हो भनेर देशव्यापीरुपमा माझीहरुमा एउटा सचेतना भएको छ , एउटा कुरा । अब यो कोशी पुजाहरूको त्यो पुजाहरुको युटुब तिर त्यस्तो अब हाम्रो फेरि अलिकति माझी समुदाय त्यस्तोहरुमा अलि एक्सेस कम छ के हजुर । त्यसलाई एउटा पर्वको रूपमा मान्यो अनि अर्को कुरा हाम्रो पितृकार्यमा चाहिँ विविधता छ । विविधता भन्नाले फरक समयमा गर्ने छ । कसैले चाहिँ सोह्र सरादमा गर्छन् , कसैले दशैंको फूलपाती बाट सुरु गरेर टिकाको पर्सि पल्ट चाहिँ सिध्याउँछन् , कसैले चाहिँ जुनबेला मृत्यु भयो अनि त्यसको १० दिन पछाडि त्यो चोख्खी सकेपछि हाम्रो वर्षभरिको काम चाहिँ त्यो दस दिनको त्यो

दिनको सकेपछि चाहिँ अनि अर्को त्यो क्षेत्री बाहुनहरु चाहिँ बर्खी भन्छ । जुन बेलामा मृत्यु भयो एक वर्ष पछाडि त्यही बेलामा बर्खी फुकाउने भन्छ उनीहरूको । हाम्रो चाहिँ दशैंमा हुन्छ त्यही भएर हामीले दशै मान्दैन भन्ने कारण पनि त्यो एउटा । अनि हाम्रो चाहिँ दशैंमा हुन्छ । अनि यसलाई पनि एक रुपमा ल्याउनुपर्छ भनेर कसैले सोह्र सरादमा कसैले जुन बेलामा मृत्यु हुन्छ त्यो बेलामा हामी कसैले चाहिँ दसैंमा । यो फरक फरक समयमा हुँदैन भनेर यो संस्कारमा अलिकति बिकृति आयो र यसलाई एकरुकता ल्याउनुपर्छ भनेर यसलाई पनि हामीले दशैंमा गर्नुपर्छ भनेर अहिले चलाइराखेका छम् । यो अझैपनि यसलाई कसैकसैले चाहिँ जुन अलि विशेषगरी तराईतिर, तराईको जिल्लाहरुमा चाहिँ जुन बेलामा मृत्यु भयो त्यही बेलामा १० दिन पछाडी हाम्रो वर्षदिनको काम सुरु गरेर उनीहरुले ३(४ दिनमै सक्नुहुन्छ उहाँहरुले । त्यो चाहिँ किन रे भन्दाखेरी अब छोराहरु विदेशमा जानु पर्छ रे अनि एक वर्षसम्म बार्न सक्दैन रे अनि चोखो खानुपर्यो कसैले छोएको खान भएन अब सेतो लुगा लगाउनु पर्यो अब यो चाहिँ सम्भव हुँदैन । विदेशमा जाने खानुपर्यो, कमाउनु पर्यो  काम गरेर खानु पर्छ, का यस्तो बारेपछि अरुले छोएको पानी पनि खान पनि हुँदैन भनेर उहाँहरुले चाहिँ त्यतिखेर नै सिध्याउन थालेका छन् अहिले । अब यसलाई एकैचोटी गर्नुपर्छ भनेर अलि ल्याई सकेको छैन एक ठाउँमा आइसकेको छैन । प्रयास चाहिँ जारी भइरहेको छ संस्कार संस्कृतिको विषयमा चाहिँ ।

प्रश्नः तर आजको कुराकानी पनि हाम्रो वेबसाइटमा जान्छ अब धेरै कुरा त तपाईंको कुरा सुनेर पनि सिक्न पाउँछ नि हरुले पनि ।

उत्तरः हजुर, त्यही त अब हजुरहरू वेबसाइटमा जुन हाम्रो यो आज मैले जति जे जानेको कुरालाई सकेसम्म राख्ने कोसिस त गरे यसमा धेरै अपुग छ, यो नै सबै होइन । धेरै अपुग छ तर हाम्रो संस्कार, संस्कृतिमा एकरुकता ल्याउनु पर्यो, हाम्रो भाषा, धर्म, संस्कारलाई सबैले संरक्षण गर्नको निमित्त हामीले सबैको चाहिँ पहल कदमले अगाडि बढाउनु पर्यो । अब भाषाको कुरामा भन्नुहुन्छ भने अहिले धनबहादुर माझीकै पहलमा ३ क्लास सम्म माझी भाषाको पाठ्यक्रम चाहिँ तयार भइसकेको छ । अनि हाम्रो त लोप भइसकेको भाषा हो । अब यो चाहिँ सुरु गर्नुपर्छ भन्ने छ भाषामा चाहिँ त्यति गाको छ र माझी भाषाको शब्दकोष सम्म तयार भाको छ र यति सम्म छ ।

प्रश्नः लिखितरुपमा रह्यो भने जगेर्ना गर्न पनि सजिलो भयो अनि आउने पुस्तालाई पनि सजिलो हुने भयो है दिदी ?

उत्तरः अब यो हाम्रो मात्रै होइन आदिवासीको जतिपनि संस्कार संस्कृतिहरू धेरैजस्तोको यो विधि विधानको कुराहरु धेरैजस्तो को चाहिँ लिखित हुँदैन रहेछ । बुढापाकाहरुले जे गर्दै आयो आफुले त्यही गर्दै जाने, त्यही गर्दै जाने हो । अलिखित इतिहास हाम्रो छ । अब यसलाई लिपिबद्ध गर्नको लागि अलिकति केही पढेलेखेकोहरुले चाहिँ यसलाई केही ध्यान दियो भने लिखित गर्न सकिन्छ । हामीले अहिले एउटा छलफल चलाइराखेका छौं यसलाई चाहिँ जुन हाम्रो संस्कार संस्कृति, मृत्यु संस्कार, जन्मेदेखि मृत्यु संस्कारको चाहिँ यसलाई माझी भाषामा लिखितरुपमा चाहिँ अब यसलाई दस्तावेज गर्नुपर्छ भनेर अलिकति छलफल मात्रै अगाडि बढ्या छ यसलाई कामको रुपमा चाहिँ अगाडि बढेको छैन । अब यसलाई कतिसम्म गर्न सकिन्छ हेरौ, कोशिस गरौ ।

प्रश्नः हुन्छ दिदी ।

उत्तरः त्यही भएर नै हाम्रो संस्कार संस्कृति लोप हुने कारण नै त्यो रहेछ । अब हाम्रो लिपि छैन । कुनै बेलामा अब यो माझी भाषा अब यस्तै हो भने त्यो सबै समाप्तै हुन्छ । अब संस्कार, संस्कृति भनेको चाहिँ लिखितरुपमा छैन, नीति निधान त सबै मौखिक हो । बुढापाकाहरुले जे गर्यो आयो जति सम्म चल्यो । अबको युवाहरु सबै चाहिँ मोर्डनमा गैसकेको छ हेर्नुस । अब त्यसले गर्दाखेरि यसलाई लिखित रुपमा उतार्न एकदमै आवश्यक छ । आवश्यक महसुस पनि गरेका छौं त्यसलाई अलिकति अब केही १-२ व्यक्तिले गरेर पनि यसलाई नहुँदोरहेछ, धेरै गाह्रो रहेछ यो खोजी अनुसन्धानहरु गर्नुपर्यो । अहिले अलिकति पढेलेखेका मान्छेहरु पनि चाहियो त्यो भएर जेहोस् माझीहरुमा यसलाई अलिकति अगाडि बढाउनुपर्ला हजुरहरूको जुन आजको यो छलफलले हजुरको यो अनलाइन काकाबाट हुन्छ त्यहाँबाट सबैको चाहिँ कानमा पुग्यो भने अलिकति उहाँहरुले पनि केही सहयोग गर्नुहोला भन्ने मलाई आशा लागेको छ ।

प्रश्नः हजुर हाम्रो पनि यही नै विभिन्न समुदायहरूको भाषा तथा हुन्छनि संस्कार संस्कृतिहरू बोलेकै रुपमा भएपनि डकुमेन्ट हुन्छ भन्ने अनि तपाईहरु जस्तो महिला अधिकारकर्मीहरूको भोलि चाहीं अगाडि आउनुपर्छ भनेर नै सुरु गरेका छौं त्यसैले दिदीलाई अब आगामी कामहरुमा पनि धेरैधेरै शुभकामना, अब हजुरले जुन गर्न खोजीरहनु भइरहेको छ त्यो कामहरु चाहिँ हुँदै जाओस् ।

उत्तरः हजुर एकदमै हजुरहरुलाई, हजुरहरूको टिमलाई नै सिंगो एउटा माझी समुदायकै तर्फबाट, सिङ्गो आदिवासीकै तर्फबाट, राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घको तर्फबाट, मेरो व्यक्तिगत तर्फबाट पनि एकदम धेरै धन्यवाद । हामीजस्तोको आवाजनै अगाडि आउन नसकेर हामी अगाडि बढ्न नसक्या हो । अब चिनिमाया ले बोल्यो म पछाडि बोल्ने अरु महिलाहरु अगाडि बढ्न पर्यो । त्यसले गर्दाखेरि हामीसँग त्यो खालको माध्यम भनेको एउटा सञ्चारको माध्यम पनि हो । संसारको माध्यम भनेको मेरो यो आवाजलाई संसारभरी पुर्याउँछ । त्यसले गर्दाखेरि हजुरको जुन यो एउटा हाम्रो लुम संस्थालाई एकदम धेरै धन्यवाद । सहकार्य गर्दै जाम हामी सबैजना । अवस्य पनि कुनैदिन त हाम्रो सोचेको ठाउँमा हामी पुग्न सकिएला तबसम्म हामी प्रयास गरौं, सहकार्य गरौं, एकअर्काको समस्यालाई आफ्नो समस्या भनेर बुझुम । तर त्यो त समस्या त मेरो समस्या हो नि, मेरो समस्या तपाईको समस्या हो यसरी बुझ्न सकिएन भने हामी जहिले पनि एक्लै एक्लै हुन्छौ के तर हामी जब सबैको समस्यालाई सबैको समस्या नभनी सम्झेर हामी एक भएर हामी अघि बढ्यौं भने कुनै पनि कुराको असम्भव भन्ने हुँदैन । होला एक ठाउँमा समस्या होला, एउटा ढोका बन्द भयो भने अगाडि बढ्ने क्रममा अर्को ढोका खुलिसक्या हुन्छ । हामीले त्यसरी ढोकाहरु पत्ता लगाउँदै जाम । हामीले एकदिन अवस्य पनि गर्न सक्छौं यति भन्दै सबैलाई एकदम धेरै धन्यवाद, समय पनि दिनुभयो मेरो लागि धेरै धेरै धन्यवाद ।

प्रश्नः दिदीलाई धन्यवाद । दिदी अब यस्तो व्यस्तताको समय हुँदाहुँदै पनि हामीलाई समय मिलाएर हजुरको अनुभवहरू हजुरको संस्कार संस्कृतिबारे मज्जाले भन्दिनु भयो बुझाई दिनुभयो ।यो हाम्रो लागि नै छुट्टै नयाँ अनुभव छ किनभने हामीले त अब धेरै कुरा थाहा हुँदैन हामीलाई पनि होइन दिदी । धेरै खुसी लागेको छ दिदीसँग कुरा गरेर । आजको लागि चाहिँ यति नै गरौ होला है दिदी ।

उत्तरः हजुर हुन्छ, केही पर्यो भने फेरि सम्पर्क गरौंला नि । केही सोध्न पर्यो भने मलाई फेरि सम्पर्क गरौ म जहिलेपनि रेडी हुन्छु ।

प्रश्नः हुन्छ दिदी ।

उत्तरः हुन्छ त सबैलाई एकदम धेरै धेरै धन्यवाद ।

प्रश्नः धेरै धेरै धन्यवाद दिदीलाई ।

LOOM